'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २९६ ★ ने. सं. ११४७ कछला थ्व, षष्ठी ★ आइतबार ★ २९ कार्तिक, २०८३ ★ November 15, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

ज्ञान, सीप, सिर्जना र विकासमा लाग्ने युवा जनशक्ति देश र समाजको लागि अति जरुरी



भक्तपुर, २८ कार्तिक । शुभ लाभ बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चाँगुनारायण नपा - ५ पकुनेपाटीको २० औं स्थापना दिवसको अवसरमा ज्येष्ठ सदस्य तथा संस्थापक सदस्य सम्मान कार्यक्रम नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा गणेश मावि छालिङको प्राङ्गणमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि सुवालले ज्येष्ठ सदस्यहरूलाई सम्मान गर्नु सराहनीय कार्य हो, ज्येष्ठ सदस्यहरूको नियमित स्वास्थ्य परीक्षण र स्वास्थ्य सेवाको लागि सहकारी संस्थाले नर्सको व्यवस्था गर्न सकियो भने राम्रो हुनेछ भन्नुभयो । उहाँले घरपरिवारमा ज्येष्ठ सदस्यको उचित हेरचाह आवश्यक पर्छ, खानेकुरा, बस्ने कोठा, शौचालयलगायत अन्य विषयवस्तु ज्येष्ठ नागरिकमैत्री हुनुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "विश्व सम्पदास्थल चाँगुनारायण मन्दिरको संरक्षण गर्नु सबैको दायित्व हो । चाँगुनारायण मन्दिरको वरिपरि धेरै वर्ष पहिलेदेखि बालुवा र माटो खानी सञ्चालन गरियो । बालुवा निकाल्दा चाँगुको डाँडा भासिने र पहिरो गई नेपालको हजारौँ वर्ष पहिलेको ऐतिहासिक तथा धार्मिकस्थल नै जोखिममा पर्ने भएकोले संसद्मा आवाज राखेको हो तर सरकारले बेवास्ता गरिरहेको छ ।"

"वर्तमान सरकार गत वर्ष भदौ २३ र २४ गतेको आगजनी र उपद्रवको पृष्ठभूमिमा बनेको सरकार हो । सरकारका मुख्य व्यक्तिहरूले मोदी डक्ट्रिनको कुरा उठाएका थिए । प्रम बालेनले नेपालले भारतको जमिन मिचेको छ भने । दसैँ, तिहार र छठ पर्वजस्तो चाडपर्वको समयमा मूल्यवृद्धि ४० प्रतिशतदेखि ३०० प्रतिशतसम्म बढ्यो । सरकारले आवश्यक ऐन-नियम बनाएर भए पनि मूल्यवृद्धि रोक्नुपर्थ्यो तर त्यसो गरेन," उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, "छठ पर्व धार्मिक महत्त्व बोकेको पर्वभन्दा पनि वातावरणसँग सम्बन्धित पर्व हो । सूर्य, नदी वा पोखरीजस्ता प्राकृतिक सम्पत्ति हुन् । यिनीहरूको संरक्षण गर्नु आवश्यक छ । प्रदूषणमुक्त वातावरण बताउन आवश्यक छ । धर्मको नाममा जातीय भेदभाव गर्नु सामन्तवादी सोच हो ।"

उहाँले नयाँ पुस्ताले गणित, विज्ञान, अर्थशास्त्र, लेखाशास्त्र तथा विभिन्न भाषामा दख्खल पर्ने उल्लेख गर्दै ज्ञान, सीप, सिर्जना र विकासमा लाग्ने युवा जनशक्ति देश र समाजको लागि अति जरुरी छ भन्नुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष एवम् चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले सहकारी संस्थाको काम बचत सङ्कलन र ऋण प्रवाहमा मात्र सीमित गर्नु हुँदैन, शिक्षा-स्वास्थ्य, ज्ञान-सीप आदिसँग सम्बन्धित कार्यक्रमहरू पनि गर्नुपर्दछ भन्नुभयो । उहाँले विगतका वर्षहरूमा चाँगुनारायण नगरपालिकामा नेमकिपाले जनजीविकासम्बन्धी विभिन्न प्रस्तावहरू पेस गरे पनि नगरपालिकाले चासो नदिएको बताउनुभयो ।

संस्थाका पूर्वअध्यक्ष मीनबहादुर बाटाले भक्तपुर नगरपालिकाले ख्वप

बाँकी पृष्ठ ८ मा

नवदुर्गाको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्त्व उजागर गर्न 'अस्त्र टेम्पल क्वेस्ट २०८३' आयोजना



भक्तपुर, २८ कार्तिक । अस्त्र फिट क्लब एन्ड वेलनेस प्रा.लि.को आयोजनामा 'अस्त्र टेम्पल क्वेस्ट २०८३' कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले नवदुर्गा भक्तपुरको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले अत्यन्त महत्त्वपूर्ण सम्पदा भएको बताउनुभयो । नवदुर्गालाई केन्द्रमा राखेर भक्तपुरका विभिन्न चाडपर्व तथा जात्राहरू सञ्चालन हुने उल्लेख गर्दै उहाँले नवदुर्गासम्बन्धी यस्तो कार्यक्रमले यसको ऐतिहासिक तथा सांस्कृतिक पक्षबारे थप अध्ययन र अनुसन्धान हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुरका सांस्कृतिक सम्पदाहरूको अवलोकन गर्न विश्वका विभिन्न देशबाट पर्यटकहरू आउने गरेको बताउँदै उहाँले यहाँको मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धनका लागि नगरपालिकाले विभिन्न गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । आगामी दिनमा पनि यस्ता अनुसन्धानमूलक तथा सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्न सबै पक्ष जोडिँदै जानुपर्ने उहाँको भनाइ थियो ।

अस्त्र फिट क्लबका संस्थापक अध्यक्ष रिपेश धौभडेलले क्लबको उद्देश्यबारे स्पष्ट पार्दै समाजमा परिवर्तन ल्याउन सर्वप्रथम आफूबाटै परिवर्तनको सुरुआत गर्नुपर्ने बताउनुभयो । क्लबले शारीरिक तन्दुरुस्तीका साथै सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पनि योगदान पुऱ्याउने उद्देश्य राखेको उहाँले बताउनुभयो ।

क्लबले यसअघि 'हेरिटेज रन' आयोजना गरिसकेको र यसपटक नवदुर्गाको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई प्रवर्द्धन गर्ने उद्देश्यले 'टेम्पल क्वेस्ट' आयोजना गरेको उहाँले जानकारी दिनुभयो ।

युवाहरूको सरकारदेखि युवाहरू नै निरास

काठमाडौँ, २८ कार्तिक । व्यापक नेपाली जनताको चाहना विकास र समृद्धि नै हो । पुँजीपति र सामन्तवर्गको पक्षपोषण गर्ने दलको सरकारले श्रमजीवीवर्गको सेवा या हित गर्दैन भन्ने कुरा श्रमजीवी जनताले थाहा पाउनुपर्छ । विकास, परिवर्तन र समृद्धिले नेपालीको जीवनस्तरमा पनि परिवर्तन ल्याउँछ । निराशाजनक आर्थिक वृद्धि, चुलिँदो व्यापार घाटा, अनियन्त्रित बजार भाउले ढाकेको मुलुकको अनुहार फेर्ने सरकार कहिले आउने भनी जनता प्रश्न गर्दै छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएको झण्डै दुई दशक लागेको छ । तर, देशको दिगो विकास र आर्थिक समृद्धिको कुरा किन नारामा मात्र सीमित हुन्छ ? के सत्तारुढ दलका नेताहरूले निर्वाचनको बेलामा मात्र आर्थिक समृद्धिको कुरा खोक्ने हो ? सरकारको नेतृत्व गरेपछि जनतामाझ गरिएको वाचा पूरा गर्नुपर्दैन ?

बितेका वर्षहरूमा देशमा भइरहेको राजनीतिक अस्थिरताका कारण आर्थिक सङ्कट गहिरिँदै गएको र विकासमा बाधा पुगेको बताइएको थियो । मुलुकमा देखिएको राजनीतिक अस्थिरता या बारम्बार सरकार परिवर्तनले विकासमा बाधा पुगेको या उद्देश्यअनुसार काम गर्न नसकेको यथार्थ हो । तर, अहिले देशमा झण्डै दुईतिहाइ मत प्राप्त दलको नेतृत्वमा सरकार छ । त्यो दलले बनाएको सरकारी नीति तथा कार्यक्रम र बजेट विगतको सरकारले पेस गरेको जस्तै देखिन्छ । पुँजीपतिवर्गकै पक्षमा नीति तथा कार्यक्रम ल्याइएको छ । सरकार नयाँ भए पनि काम पुरानै शैलीको छ । अझ यो नयाँ सरकार झन् विगतको भन्दा 'खतरनाक' भएको विश्लेषण पनि छ । विगतको सरकारभन्दा रास्वपाको नेतृत्वमा बनेको सरकारका नेता र मन्त्रीहरू भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादसामु झुकेको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा सक्रिय भएको कारण वर्तमान सरकारलाई राजनीतिक विश्लेषकहरूले 'खतरनाक' सरकारको संज्ञा दिएका हुन् ।

यो सरकारका नेताहरूलाई देशको समृद्धि र विकासमा कुनै दलले बाधा हाल्न सक्दैन । विकासमा बाधा हाल्यो भनेर सरकारले आफ्नो दायित्व पन्छाउन मिल्दैन । प्रजातन्त्र स्थापना भएको दशकौँ भयो । तर, आर्थिक तथा भौतिक विकासको दृष्टिकोणले नेपाल अहिले पनि विकासशील देश बन्न सकेको छैन । आर्थिक विकास हुन नसक्दा मुलुकमा गरिबी, बेरोजगारी र असमानता झन् बढ्दो छ । लोकतान्त्रिक मुलुकमा गैरलोकतान्त्रिक राजनीतिक चरित्रले गर्दा देशमा उच्चस्तरको आर्थिक वृद्धिदर नभएको अर्थविद्हरूको भनाइ गलत होइन । अहिले पनि सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुगेको छैन । विगतको सरकारले नगरेको समाजवादउन्मुख संविधानलाई यो सरकारले कार्यान्वयन गर्ने जनताको आशा र विश्वासमा धक्का पुऱ्यायो । सरकारले स्थानीय तहमा पर्याप्त बजेटको व्यवस्था गरेर देशमा सन्तुलित विकासको अवधारणा ल्याएको भए विकास गर्न सहयोग पुग्थ्यो । के युवाहरूको जोश र जाँगर देशको सम्पत्ति खरानी बनाउन हो ? भन्ने प्रश्न स्वयं युवाहरूले उठाउन थालेका छन् । यसकारण, सर्वसाधारण जनता मात्र होइन युवाहरू पनि सरकारी क्रियाकलाप देखेर निरास छन्; आफूले हालेको मत व्यर्थ भएको दुखेसो पोख्दै छन् ।

सरकारको नेतृत्व गर्ने दलका नेता र मन्त्रीहरू विदेशी शक्ति राष्ट्रहरूको छत्रछायामा रहेसम्म न देशको राजनीतिक स्थिति सुधिन्छ न त राजनीतिक निकास नै खुल्छ । यो रास्वपाको सरकारले न देश चिनेको छ न जनताको समस्या नै बुझेको छ । देशको माटो नचिनेको र जनताको पिर मर्का नबुझेको सरकारले कसरी बहुमत जनताको सेवा गर्छ ? युवाहरूको सरकार भनेर देशका बहुमत जनता किसानहरूको समस्यालाई बेवास्ता गरेको हो ? आदिवासी, उत्पीडित जनताको समस्या भुलेको हो ? शोषितपीडित या श्रमजीवीवर्गको विपक्षमा रहेको सरकारलाई श्रमजीवीवर्गका जनताले समर्थन गर्नु या मत हाल्नु आफ्नो खुट्टामा आफैले बञ्चरो हान्नु सरह हो । अब हुने निर्वाचनमा त्यस दलका उम्मेदवारहरूलाई श्रमजीवी जनताले मतदान गरेर दोहोरो गल्ती गर्नु हुँदैन । यसमा जनता पनि सचेत हुनुपर्छ ।

पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने सरकारले श्रमजीवी जनताको हित नगर्ने भएपै कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाको निम्ति राजनीति गरेको हो । हो, समाजवादी व्यवस्था स्थापना गर्न सजिलो छैन । उद्देश्य पूरा भएन भनेर हिम्मत हार्ने, पलायन हुने, निरास हुने दल बहुमत जनताको हित हुने व्यवस्था ल्याउन लागिपर्दैन । यो कुरा सरकारमा जाने

बाँकी पृष्ठ ८ मा

देशको अवस्थाबारे उठेका प्रश्न

● नेका, एमाले, माओवादी पालैपालो प्रम बनेर सिंहदरबारको आरामका लागेको हुँदा गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या भयो भने त्यसको भोलिपल्ट भदौ २४ गते देशभरिझैँ आगजनी गर्ने देशद्रोहीहरूलाई मौका मिल्यो । अहिले यो रोग सात प्रदेशको सरकार विघटन र नयाँ गठनमा दोहोरिँदै छ । एमालेको समर्थनमा मधेस प्रदेशमा नेकाको सरकार थियो । बाँकी ६ प्रदेशमा एमाले र माओवादी गठबन्धनको सरकार बनाइएपछि मधेस प्रदेशमा पनि नेकाको सरकार अल्पमतमा पऱ्यो । १०७ सदस्यीय मधेस प्रदेशमा जसपा (उपेन्द्र) को २८ (१ निलम्बन), एमाले २५ (एक राजीनामा), नेका २२, नेकपा (माओवादी-एस) १६ (२ राजीनामा), जनमत १३ (एक सभामुख, एक राजीनामा), राप्रपा एक,

बाँकी पृष्ठ २ मा

व्यङ्ग्यचित्र कुनो





दमकलको सहयोगमा आगो निभाईँदै : भक्तपुरको मध्यपुर थिमि नगरपालिका-९ राधेराधेस्थित प्रजापति कम्प्लेक्सको पाँचौँ तलामा शनिबार बिहान लागेको आगो दमकलको सहयोगमा निभाईँदै । बिहान ६ बजेदेखि लागेको आगो मध्यपुर र काठमाडौँ महानगरपालिकाको जुद्ध वारुणयन्त्रका दुई दमकलको सहयोगमा बिहान ९:२० बजे नियन्त्रणमा लिइएको हो । *तस्बिर :रेणु त्वानाबासु/रासस*

राधेराधेस्थित प्रजापति कम्प्लेक्समा आगलागी, ८० लाख बराबर क्षति

भक्तपुर, २८ कार्तिक । मध्यपुरथिमि-९ राधेराधेस्थित प्रजापति कम्प्लेक्सको सातौँ तलामा शनिबार बिहान आगलागी हुँदा करिब रु. ८० लाख बराबरको क्षति भएको छ ।

शनिबार बिहान करिब ८:०० बजे प्रजापति कम्प्लेक्सका सञ्चालक कुमार प्रजापतिले आफ्नो पसल खोल्ने क्रममा धुवाँको मुस्लो देखेपछि दमकल र प्रहरीलाई जानकारी गराउनुभएको थियो । आगलागीबाट सातौँ तलामा रहेको 'द ट्रयाङ्कुली टाइम्स स्पा एण्ड वेलनेश प्रालि' मा विद्युत् सर्ट भई आगलागी भएको स्पाका सञ्चालक नरेश रन्जितले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बिहान अचानक विद्युत् सर्ट भएर स्पामा आगालागी भएको हो । यसबाट स्पाको मात्रै करिब रु. ६० लाख बराबरको भौतिक सम्पत्ति नष्ट भएको छ, पाँच वर्षदेखि सञ्चालनमा आएको स्पाले आगलागीबाट ठुलो क्षति व्यहोर्नुपरेको छ ।"

आगलागीबाट करिब रु. २० लाख बराबरको क्षति भएको कम्प्लेक्सका सञ्चालक प्रजापतिले जानकारी दिनुभयो । कम्प्लेक्स र स्पामा गरी करिब रु. ८० लाख बराबरको क्षति भएको अनुमान गरिएको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख एवं प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जानकारी दिनुभयो ।

उहाँका अनुसार आगलागी भएको करिब डेढ घण्टामा जुद्ध बारुण यन्त्र भक्तपुर, सशस्त्र प्रहरी बल नेपाल औद्योगिक सुरक्षा बेस ब्यासीबाट आएको टोली र प्रहरी वृत्त थिमिबाट आएको प्रहरीको टोलीले आगो नियन्त्रणमा लिएको थियो । नेपाली सेना रणशेर गण सूर्यविनायकको टोलीले पनि आगलागी नियन्त्रणमा सहयोग गरेको थियो ।

आगालागी बिहान भएकाले घटनामा कुनै मानवीय क्षति नभएको प्रहरी उपरीक्षक खड्काले जानकारी दिनुभयो । अग्लो भवनको माथिल्लो तलमा आगलागी हुँदा पानीको फोहोरा माथिसम्म पुऱ्याउन दमकललाई केही कठिनाइ भने भएको उहाँले बताउनुभयो ।

जुद्ध बारुण यन्त्र भक्तपुरका प्रमुख विजय धौभडेलले अग्लो भवनमा हुने आगलानी नियन्त्रणमा लागि नेपालमा पनि ड्रोन प्रविधि भित्र्याउन माग गरिरहेको बताउँदै सरकारले अग्लो भवनमा हुने आगलागी नियन्त्रणका लागि नयाँ प्रविधि भित्र्याउनुपर्नेमा जोड दिनुभयो । ***रासस***

चण्डेश्वरी अजिमा साकोसको २० औँ स्थापना दिवस तथा सिंहावलोकन कार्यक्रम

भक्तपुर, २८ कार्तिक । चण्डेश्वरी अजिमा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो २० औँ स्थापना दिवस, १९औँ वार्षिक साधारणसभा तथा सातौँ अधिवेशनको सिंहावलोकन तथा धन्यवाद ज्ञापन कार्यक्रम शुक्रबार चासुखेलस्थित संस्थाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा पूर्ववडाध्यक्ष एवं शिक्षासेवी हिमालयश्वरलाल मूलले सहकारी संस्थाहरू सामूहिक भावना र एकताको आधारमा सञ्चालन हुनुपर्ने बताउनुभयो ।

उहाँले एकताबद्ध रूपमा सरल प्रक्रियाबाट निर्वाचन सम्पन्न हुनु सकारात्मक अभ्यास भएको उल्लेख गर्दै सहकारी सञ्चालन गर्दा नीति, नियम र विधिको पूर्ण पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

ऋण प्रवाह गर्दा पर्याप्त अध्ययन र विचार पुऱ्याउनुपर्ने उल्लेख गर्दै उहाँले सहकारीमा सुशासन, आर्थिक अनुशासन र जिम्मेवारी आवश्यक रहेको धारणा राख्नुभयो । सहकारीले सामूहिक भावनाको विकास गर्ने भएकोले देशको हितका लागि समाजवादी व्यवस्थाको आवश्यकता रहेको पनि उहाँले बताउनुभयो ।



कार्यक्रममा निवर्तमान अध्यक्ष पूर्णगोपाल राजचलले नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै संस्थाभित्र देखिएका कमी-कमजोरी आपसी समझदारी र सहकार्यबाट समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

संस्थाका संस्थापक अध्यक्ष नारायणप्रसाद त्वानाबासुले सहकारी स्थापना गर्नुभन्दा त्यसलाई नीति, नियम र सिद्धान्तअनुसार निरन्तर सञ्चालन गर्नु चुनौतीपूर्ण हुने बताउनुभयो । संस्थालाई थप व्यवस्थित र सफल बनाउन सबैको साथ र सहयोग आवश्यक रहेको उहाँको भनाइ थियो ।

कार्यक्रमको सञ्चालन संस्थाका सचिव सम्झना खाइजुले गर्नुभएको थियो । उक्त कार्यक्रम संस्थाका अध्यक्ष नारायणकृष्ण माकको सभापतित्वमा सम्पन्न भएको थियो ।

भक्तपुरको साँगामा बसको ठक्करबाट १४ वर्षीया किशोरीको मृत्यु

भक्तपुर, २८ कार्तिक । भक्तपुरको साँगामा बसले मोटरसाइकललाई ठक्कर दिँदा १४ वर्षीया भूमिका राईको मृत्यु भएको छ ।

खोटाङ घर भएकी भूमिका मोटरसाइकलको पछाडि सवार थिइन् । दुर्घटनामा मोटरसाइकल चालक रोशन राई घाइते भएका छन् ।

काभ्रेबाट भक्तपुरतर्फ आउँदै गरेको सरकारी नम्बर प्लेटको मोटरसाइकललाई सोही दिशाबाट आएको बसले ठक्कर दिएको प्रहरीले जनाएको छ ।

ठक्कर दिने बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

संरक्षण नहुँदा खण्डहर बन्दै रसुवाको सीता गुफा

रसुवा, २८ कार्तिक । रसुवाको गोसाइँकुण्ड गाउँपालिका-६ बोकेभ्रुण्डास्थित ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको 'सीता गुफा' अर्थात् 'साङतोरमो' संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ ।

सदरमुकाम धुञ्चेबाट पाँच किलोमिटरको दूरीमा रहेको पासाङल्हामु राजमार्गभन्दा करिब ३० मिटर तल पुरानो मूल बाटोमा अवस्थित उक्त गुफा सम्बन्धित निकायको चासो नपुग्दा झाडीले ढाकिएर खण्डहर बन्न थालेको हो ।

पासाङल्हामु राजमार्ग निर्माण हुनुअघि यही पुरानो गोरेटो बाटो भएर मानिसहरू आवतजावत गर्दथे । हाल उक्त बाटोमा मानिसको हिँड्डुल बन्द भए पनि पुरानो बाटोका डोबहरू अझै बाँकी रहेका स्थानीय बताउँछन् ।

परापूर्वकालमा भोट (तिब्बत) बाट नुन साट्न बेँसी झर्ने मुख्य मार्ग यही थियो । राजमार्ग बनेपछि पुरानो बाटो सुनसान भयो र गुफा पनि ओझेलमा पऱ्यो ।

तामाङ भाषामा 'साङतोरमो' भनिने यस गुफाको नामाकरण बौद्ध भिक्ष'णी (आनी) सँग जोडिएको छ । स्थानीय जानकार घलेका अनुसार यो गुफा रामायणकी सीतासँग नभई बौद्ध (लामा) धर्मग्रन्थको अनुशरण गर्दै शान्तिको खोजीमा तपस्या गर्न आएकी आनी सीतासँग सम्बन्धित छ ।

"परापूर्वकालमा गुरु रिम्पोछेका चेलीहरू डोल्मा, सोनाम र सीता गरी तीन जना भिक्ष'णीले यस गुफामा बसेर ध्यान तथा तपस्या गरेको किंवदन्ती छ । गुफा वरपर तत्कालीन समयमा भिक्षुणीहरूले प्रयोग गरेका ढिकी, हलो, ओदान, मान्द्रोलगायत सामग्रीहरू अझै सुरक्षित छन् ।

तामाङ समुदायको बसोबास रहेको बोकेभ्रुण्डाको नामाकरणसँग राणाकालीन इतिहास जोडिएको छ । जङ्गबहादुर राणाको पालामा गोसाइँकुण्ड जाने क्रममा उनका सेनाले बाटोमा भेटिएको बाघलाई मारेर त्यहाँको करिब ५०० वर्ष पुरानो चाँपको रुखमा भ्रुण्ड्याएका थिए । सुरुमा 'बाघभ्रुण्डा' भनिए पनि पछि बोलिचालीको भाषामा अपभ्रंश हुँदै 'बोकेभ्रुण्डा' रहन गएको स्थानीय बताउँछन् ।

स्थानीय सरकार गठन भएपछि गाउँको मौलिक संस्कृति, कृषि र ऐतिहासिक सम्पदाको संरक्षण हुने अपेक्षा गरिए पनि कसैले चासो नदिएको स्थानीय माछा पालक कृषक ल्वाङ ग्याल्बो घलेको गुनासो छ । "गाउँ-गाउँमा सिंहदरबार आयो भनिन्छ, तर यस्ता ऐतिहासिक धरोहरको संरक्षणमा कसैको ध्यान गएको छैन," उहाँले भन्नुभयो ।

सरकारी निकायले बेवास्ता गरेपछि स्थानीय शिक्षक राम घलेको नेतृत्वमा सात जना युवाको समूहले गुफाको सरसफाइ गर्ने, झाडी फाँड्ने र यसको महत्त्वलाई प्रचारप्रसार गरी भावी पुस्तासम्म जोगाइराख्ने योजना बनाएका छन् । धार्मिक आस्थाको केन्द्र छङगमदेवीभन्दा करिब डेढ किलोमिटर तल रहेको यस गुफालाई संरक्षण गर्न सके आन्तरिक तथा बाह्य पर्यटक भित्र्याएर स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिने स्थानीयको विश्वास छ । ***रासस***

छठ पर्वको दोस्रो दिन शनिबार खरना विधि गरी मनाइयो

बारा, २८ कार्तिक । लोकआस्थाको पर्व सनातन धर्मावलम्बीले मान्ने छठ व्रतको दोस्रो दिन शनिबार खरना विधि अर्थात् रसियाव रोटी मनाइयो । तराईमा बसोबास गर्ने हिन्दू धर्मावलम्बीले परापूर्वकालदेखि मनाउँदै आएका यस पर्वमा खरना विधि अत्यन्त महत्त्वपूर्ण मानिन्छ ।

व्रतालु तथा तिनका आफन्त खरना विधिको तयारीमा बिहानैदेखि जुटेका छन् । खरना विधि पूरा गर्न आँपको दाउराको व्यवस्था गर्न युवाहरू आँपको बगैँचातिर छन् । रसियाउ रोटी विधिको सबै परिकार आँपकै दाउरामा पकाइन्छ ।

व्रतको दोस्रो दिन आज 'रसियाउ रोटी' अर्थात् खरना विधि गरिँ दैछ । व्रतालुले मिठा, सख्खर, दूध, शुद्ध चामलको प्रयोग गरी माटोको हडियामा रसियाउ र खपरी (माटोको तावा) मा शुद्धतापूर्वक गहुँ पानीले सफा गरेर घाममा सुकाइ सफा गरेको उपकरणमा पिँधेर निकालेको पीठोबाट रोटी पकाएर प्रसादका रूपमा खाने चलन छ ।

रसियाउ रोटी छठी माता र घरको देवतालाई चढाएपछि पहिला व्रतालु महिला (छठैतिन) ले खान्छन् । त्यसपछि परिवारका अन्य सदस्यले प्रसादका रूपमा त्यहीं रोटी खाएर बस्छन् । पर्वको तेस्रो अर्थात् मुख्य दिन आइतबार व्रतालुले अस्ताउँदै गरेको सूर्यलाई अर्घ्य दिएर छठ पर्व मनाउँछन् ।

व्रतालुले घर नजिकको पोखरी, नदी, सरोवर आदिमा निर्माण भएको छठी घाटमा साँझ अस्ताउँदै गरेको सूर्यलाई बासको सुपुली र दाउरामा पूजाका सामग्री राखेर अर्घ्य दिने परम्परा छ ।

त्यसको भोलिपल्ट अर्थात् पर्वको अन्तिम दिन सोमबार उदाउँदै गरेको सूर्यको पहिलो किरणलाई अर्घ्य दिँदै छठ पूजालाई विधिवत रूपमा समापन गरिन्छ । व्रत समापन भएको अन्तिम दिन व्रतालुले गाउँ घरमा रहेका इनार, चापाकल, घरमा भएका सवारीसाधन, गाई, गोरु, पति तथा आफ्ना अग्रज, मठमन्दिर आदिमा पूजा गर्दै घर फर्किन्छन् ।

हिन्दूले मान्ने पर्वमध्ये छठ व्रत सबैभन्दा कठिन मानिन्छ । यो पर्वमा व्रतालु निर्जल र निराहार बस्छन् । व्रत अवधिमा पानीसमेत सेवन गर्दैनन् । शौच गरेलगत्तै नुहाइधुवाइ गरेर नयाँ कपडा फेर्ने चलन छ ।

श्रद्धा, भक्ति र धार्मिक सहिष्णुताको प्रतिकका रूपमा स्थापित छठ व्रत तराई मूलका ९५ प्रतिशत हिन्दू महिलाले मनाउने गर्छन् । तराई क्षेत्रमा बसोबास गर्दै आएका पहाडी मूल, मारवाडी र बङ्गाली समुदायका महिलाले समेत श्रद्धापूर्वक छठ मनाउने परम्परा बढ्दै गएको छ ।

तराईमा सीमित रहेको छठ व्रत विस्तारै हेटौँडा र नारायणगढ हुँदै सङ्घीय राजधानी काठमाडौँसहित देशका विभिन्न भागमा फैलिएको गएको छ । विशेषगरी, महिलाले बस्ने यस व्रतमा कुनै कारणले घरका महिला असमर्थ भए परिवारका पुरुष सदस्यले व्रत बसेर भए पनि परम्परालाई निरन्तरता दिने मान्यता छ ।

छठ पर्वका लागि आवश्यक पूजासामग्रीमा माटोका भाँडा (ढकनी), हात्ती, दियो, बाँसका सामग्री (दौरी, सुपुली, छैँटी), उखु, नरिवल, आलसको तेल, फलफूल, चिनीबाट बनाइएको विशेष प्रकारको मिठाई बतासा, पहेँलो धोतीलगायत पर्दछन् । ***रासस***

देशको...

नेपाल सङ्घीय समाजवादी एक, नागरिक उन्मुक्ति १ सदस्य छन् । नेकाका प्रदीप पौडेलले मधेस प्रदेशमा नेकाको सरकार जोगाउन अनावश्यक मोलमोलाइ नगर्ने बताए । बहुमत नपुग्ने भएपछि नेकाका मुख्यमन्त्री कृष्णप्रसाद यादवले कार्तिक २८ गते अपराह्न पदबाट राजीनामा दिए । जसपाले नेतृत्व लिने दाबी गर्दै छ भने एमालेले माओवादी र जनमतको समर्थनमा सरकार बनाउने तयारी गर्दै छ । बहुमतको लागि ५४ सांसदको समर्थन चाहिने छ ।

● रास्वपाका एक सांसदले आफ्नै पार्टीका सांसदहरू राज्यको ढुकुटीबाट कतिपल्ट विदेश भ्रमण गर्न पाउने, पत्तो हुँदैन सुटुक्क जाने आउने किन भइरहेको, सामाजिक सञ्जालमा तस्बिर आएपछि मात्र विदेश पुगेको थाहा हुने किन भनी प्रश्न उठाए । रास्वपाका सभापति रवि लामिछानेको नेतृत्वमा सांसद विपिनकुमार आचार्य, सचिवालय सदस्य तथा सांसद दीपक बोहरा, निकिता पौडेल र प्रदीप आचार्य जेठ १८ देखि २२ गतेसम्म भारत पुगेर विदेशमन्त्री एस जयशङ्कर, गृहमन्त्री अमित साह, भाजपा अध्यक्ष नितिन नवीनसँग दिल्लीमा भेट गरे । यो भ्रमणमा रास्वपा सरकारबाट आवश्यक सहयोग नभएको पनि सार्वजनिक भएको थियो । कार्तिक २९ गतेदेखि रास्वपाका २० सदस्यीय टोली चीन जाने र मङ्सिर १० गते फिर्ता हुने सार्वजनिक भयो । सांसद विपिनकुमार आचार्यको नेतृत्वमा चीन पुग्ने टोली रास्वपा सरकारले बीआरआईमार्फत ऋणमा विमानस्थललगायत आयोजनालाई प्राप्त रकमलाई अनुदानमा परिवर्तन गर्ने र ग्लोबल डेभलपमेन्ट इनिसियटिभमा सहकार्य कसरी गर्ने भन्ने विषय उठाउन निर्देशन दिएको सार्वजनिक भयो । चीनसँग नेपालको सहकार्य जरूरी छ । तर, यसअघि चीनले नेपाललाई दिएको सहयोग परियोजना कतिपय व्यक्तिलाई सस्तोमा बेच्ने को को हुन् ?छानबिन हुनु जरूरी छ । चीनको बीआरआईसँगको ऋण अनुदानमा परिणत गरी विश्व बैङ्क, एडीबी, आईएमएफसँगको ऋणको ब्याज तिर्ने रास्वपा सरकारको नीतिले देश र जनताको हित हुनेछैन ।

सङ्क्षिप्त समाचार

बाढी प्रभावित बालबालिकाको संरक्षणमा सघाउन आह्वान

काठमाडौँ, २८ कार्तिक । राष्ट्रिय बाल अधिकार परिषद्ले भोटेकोसी बाढीबाट प्रभावित बालबालिकाको संरक्षण, हेरचाह तथा स्याहार योजनामा समावेश हुन परोपकारी सङ्घसंस्था तथा व्यक्तिहरूसँग आवेदन आह्वान गरेको छ ।

परिषद्ले सार्वजनिक रूपमा सूचना जारी गर्दै सम्बन्धित वडा कार्यालयमार्फत निवेदन पेस गर्न अनुरोध गरेको छ । बाढीबाट रसुवा र नुवाकोटका ५८४ जना बालबालिका प्रभावित भएका छन् । योजनामा १८ वर्षमुनिका बालबालिकालाई मात्र समावेश गरिने छ ।

बालबालिका स्वयं वा संरक्षक घाइते भएका कारण उचित संरक्षण पाउन नसकेका तथा बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिका पनि योजनामा समेटिनेछन् ।

बाढीका कारण अभिभावक गुमाएका तथा परिवारबाट विस्थापित भएका बालबालिकाको संरक्षण, शिक्षा, स्वास्थ्य, मनोसामाजिक परामर्श र दीर्घकालीन पुनःस्थापना प्रमुख चुनौती बनेको परिषद्ले जनाएको छ । ***रासस***

सार्वजनिक बिदामा पनि आरटीजीएस प्रणाली सञ्चालन हुने

काठमाडौँ, २८ कार्तिक । नेपाल राष्ट्र बैङ्कले सार्वजनिक बिदाका दिन पनि 'रियल टाइम ग्रस सेटलमेन्ट' (आरटीजीएस) प्रणाली सञ्चालन गर्ने भएको छ । केन्द्रीय बैङ्कले एक सूचना जारी गर्दै यही कार्तिक ३० गते बिहान ९:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म आरटिजीएस प्रणाली सञ्चालन हुने जनाएको हो । सरकारले छठ पर्वका अवसरमा पर्सी सोमबार सार्वजनिक बिदा दिने निर्णय गरे पनि भुक्तानी प्रणालीलाई निरन्तरता दिन राष्ट्र बैङ्कले आरटिजीएस सेवा सञ्चालन गर्ने व्यवस्था मिलाएको हो । ***रासस***

शनिबार विश्व मधुमेह दिवस

काठमाडौँ, २८ कार्तिक । शनिबार विश्व मधुमेह दिवस हो । विश्वका विभिन्न देशमा विविध चेतनामूलक कार्यक्रमका साथ यो दिवस मनाइयो ।

मधुमेह रोगबारे चेतना अभिवृद्धि गर्ने, यसको जोखिम न्यूनीकरण गर्ने तथा रोकथाम, पहिचान र उपचारमा पहुँच बढाउने उद्देश्यले प्रत्येक वर्ष नोभेम्बर १४ मा यो दिवस मनाइन्छ । पछिल्लो एक दशकमा उच्च आय भएका मुलुकको तुलनामा न्यून तथा मध्यम आय भएका मुलुकमा मधुमेहको प्रकोप तीव्र गतिमा बढेको छ । यसका प्रमुख कारणमध्ये बढी तौल र मोटोपना पनि रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

मधुमेह अन्धोपना, मिर्गौला फेल हुने, हृदयाघात, पक्षाघात तथा हातखुट्टा काट्नुपर्ने अवस्थाको प्रमुख कारणमध्ये एक हो । स्वस्थ खानपान, नियमित शारीरिक व्यायाम तथा सुर्तीजन्य पदार्थको सेवन नगर्नाले टाइप-२ मधुमेह हुनबाट बच्न वा यसको जोखिम कम गर्न सकिन्छ ।

मधुमेहको समयमै पहिचान, नियमित स्वास्थ्य परीक्षण, औषधोपचार तथा रोगका जटिलताको उचित उपचारबाट यसका गम्भीर असर रोक्न वा न्यूनीकरण गर्न सकिने चिकित्सकहरू बताउँछन् । उनीहरूको सल्लाहअनुसार नियमित उपचार र जीवनशैलीमा सुधार गर्नु मधुमेह नियन्त्रणका लागि महत्त्वपूर्ण मानिन्छ । मधुमेहबाट बच्न स्वस्थ्य जीवनशैली अपनाउन आवश्यक भएको मधुमेह रोग विशेषज्ञ डा. विनय भट्टराईले राससलाई बताउनुभयो ।

टाइप १ मधुमेह छिटो विकसित हुन सक्ने भए पनि टाइप २ मधुमेह विस्तारै विकसित हुने र सुरुमा स्पष्ट लक्षण नदेखिन पनि सक्ने भएकाले नियमित स्वास्थ्य परीक्षण आवश्यक मानिन्छ ।

उहाँ भन्नुहुन्छ, "मोटोपन भएका व्यक्ति, परिवारमा मधुमेहको इतिहास भएका व्यक्ति तथा कोलेस्ट्रोल उच्च भएका व्यक्तिले नियमित रूपमा मधुमेहको परीक्षण गराइरहनुपर्छ । ३५ वर्ष उमेर पुगेपछि सबैले नियमित रूपमा मधुमेहको परीक्षण गराउनु राम्रो हुन्छ ।" ***रासस***

बाँकेमा सहकारीद्वारा धान खरिद

नेपालगञ्ज (बाँके), २८ कार्तिक । बाँकेको राप्तीसोनारी गाउँपालिकास्थित साकार कृषि सहकारी संस्था लिमिटेडले यस वर्ष किसानबाट १० हजार क्विन्टल धान खरिद गर्न सुरु गरेको छ । सहकारीले गाउँमै किसानको उत्पादन खरिद गर्न थालेपछि स्थानीय किसानलाई धान बिक्री गर्न सहज भएको छ ।

राप्तीसोनारी गाउँपालिका-६ फत्तेपुरको टेपरीमा केन्द्रीय कार्यालय रहेको सहकारीले किसानले उत्पादन गरेका विभिन्न जातका धान उचित मूल्यमा खरिद गरिरहेको छ । सहकारीका मुख्य प्रबन्धक जमानसिंह वलीले स्थानीय किसानलाई उत्पादनको उचित मूल्य दिलाउनुका साथै व्यावसायिक कृषिमा प्रोत्साहन गर्ने उद्देश्यले धान खरिद अभियान सञ्चालन गरिएको बताउनुभयो ।

सहकारीले मसिनो धान प्रतिक्विन्टल तीन हजार २०० रुपियाँ, राधा-४ मोटो धान दुई हजार ८५० रुपियाँ र हाइब्रिड धान दुई हजार ७५० रुपियाँका दरले खरिद गरिरहेको छ । धान बिक्री गर्न इच्छुक किसानले सहकारीको गोदाम वा सङ्कलन केन्द्रमा आफ्नो उत्पादन ल्याउन सक्ने व्यवस्था मिलाइएको छ । गाउँमै धान बिक्री गर्न पाउने भएपछि राप्तीसोनारी क्षेत्रका किसानलाई बजारीकरणमा सहज हुने र उत्पादनको उचित मूल्य प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको प्रबन्धक वलीले बताउनुभयो ।

सहकारीमा आठ हजारभन्दा बढी किसान सदस्य आबद्ध छन् । किसानबाट खरिद गरिएको धान भण्डारण गर्न राप्तीसोनारी गाउँपालिका-५ बिनौनास्थित गोदाममा व्यवस्था मिलाइएको सहकारीका अध्यक्ष हुमाशंकर वलीले जानकारी दिनुभयो ।



सजाइएको छठ घाट

जनकपुरधम उपमहानगरपालिका-१६ स्थित कपिलेश्वर पोखरीमा झिलिमिली सजाइएको छठ घाट । *तस्बिर : चन्द्रदेव साह /रासस*

नवदुर्गा भवानीको जात्रा हुने स्थान र तिथि मितिहरू

मानव समाजमा आधारित संस्कृति ऐतिहासिक परम्पराअनुसार सांस्कृतिक नगर भक्तपुरको जीवित रूपमा पुजिने नवदुर्गा देवगण जात्राबारे कार्तिक २७ गते नवदुर्गा मन्दिरमा देवगणहरूको भेला भयो । उक्त भेलाले गरेको निर्णयअनुसार नवदुर्गा देवगण जात्रा 'डालाकेगु जात्रा' यस वर्ष निम्नअनुसार रहेका छन् -

मिति	जात्रा	जात्रा हुने स्थान
मङ्सिर १०, बिहीबार	ख प्याखँ	तलेजु मन्दिर, भनपा ५
पुस ३, शुक्रबार	ख प्याखँ	पशुपति क्षेत्र, काठमाडौँ ८
पुस ४, शनिबार	डा लाकेगु	पशुपति क्षेत्र, काठमाडौँ ८
पुस ९, बिहीबार	मध्यपुर ठिमी देवगण आगमन	दिगुली, मध्यपुर ठिमी
पुस १० शुक्रबार	पेम्हाद्य प्याखँ	चपाचो, मध्यपुर ठिमी
पुस ११ शनिबार	पेम्हाद्य प्याखँ/ख प्याखँ	भुलाखेल लायकु, मध्यपुर ठिमी
पुस १२ आइतबार	ख प्याखँ	दथु टोल, मध्यपुर ठिमी
पुस १३ सोमबार	पेम्हाद्य प्याखँ	नगदेश बोडे, मध्यपुर ठिमी
पुस १४ मङ्गलबार	पेम्हाद्य प्याखँ/ख प्याखँ	चित्रपुर/मरु टोल मध्यपुर ठिमी
पुस १५ बुधबार	डा लाकेगु	मरु टोल, बालकुमारी, मध्यपुर ठिमी
पुस १७ शुक्रबार	टोखा प्रस्थान	टोखा नगरपालिका, काठमाडौँ
पुस १८ शनिबार	पेम्हाद्य प्याखँ/ख प्याखँ	टोखा नगरपालिका, काठमाडौँ
पुस १९ आइतबार	डा लाकेगु	टोखा नगरपालिका, काठमाडौँ
पुस २० सोमबार	ख प्याखँ/पेम्हाद्य प्याखँ	चपली, गोकर्ण, काठमाडौँ
पुस २१ मङ्गलबार	डा लाकेगु	गोकर्ण, काठमाडौँ
पुस ३० बिहीबार	वापि पाछ्याकेगु	सूर्यमढी, भक्तपुर
माघ १ शुक्रबार	ख प्याखँ	सूर्यमढी, भक्तपुर
माघ २ शनिबार	डा लाकेगु/ख प्याखँ	सूर्यमढी, दत्तात्रय, भक्तपुर
माघ ३ आइतबार	डा लाकेगु/ख प्याखँ	दत्तात्रय, क्वाठण्डौ, भक्तपुर
माघ ४ सोमबार	डा लाकेगु/ख प्याखँ	क्वाठण्डौ, भक्तपुर
माघ ५ मङ्गलबार	ख प्याखँ	गछेँ, भक्तपुर
माघ ६ बुधबार	डा लाकेगु	गछेँ, भक्तपुर
माघ १५ शुक्रबार	साँखु प्रस्थान	साँखु, काठमाडौँ
माघ १६ शनिबार	पेम्हाद्य प्याखँ/ख प्याखँ	सानो गाउँ, साँखु काठमाडौँ
माघ १७ आइतबार	डा लाकेगु/ख प्याखँ	साँखु, काठमाडौँ
माघ १८ सोमबार	डा लाकेगु	साँखु, काठमाडौँ
माघ १९ मङ्गलबार	ख प्याखँ	चाँगुनारायण, भक्तपुर
माघ २० बुधबार	डा लाकेगु	चाँगुनारायण, भक्तपुर
माघ २८ बिहीबार	ख प्याखँ	महालक्ष्मी, भक्तपुर
माघ २९ शुक्रबार	डा लाकेगु	महालक्ष्मी, भक्तपुर
फागुन १ शनिबार	ख प्याखँ	इनाचो, भक्तपुर
फागुन २ आइतबार	डा लाकेगु/ख प्याखँ	इनाचो, गोलमढी, भक्तपुर
फागुन ३ सोमबार	डा लाकेगु	गोल्मढी, भक्तपुर
फागुन ४ मङ्गलबार	ख प्याखँ	याछेँ, भक्तपुर
फागुन ५, बुधबार	डा लाकेगु	याछेँ भक्तपुर
फागुन ६, बिहीबार	ख प्याखँ	साँगा, काभ्रे
फागुन ७, शुक्रबार	डा लाकेगु	साँगा, काभ्रे
फागुन ८, शनिबार	ख प्याखँ	टौमढी, भक्तपुर
फागुन ९, आइतबार	डा लाकेगु/ख प्याखँ	टौमढी/तालाक्व भक्तपुर
फागुन १०, सोमबार	डा लाकेगु	तालाक्व, भक्तपुर
फागुन ११, मङ्गलबार	ख प्याखँ	मुलाखु, भक्तपुर
फागुन १२, बुधबार	डा लाकेगु	मुलाखु, भक्तपुर
फागुन १३, बिहीबार	ख प्याखँ	गहिति, भक्तपुर
फागुन १४, शुक्रबार	डा लाकेगु	गहिति, भक्तपुर



मिति	जात्रा	जात्रा हुने स्थान
फागुन १५, शनिबार	ख प्याखँ	क्वाछेँ, भक्तपुर
फागुन १६, आइतबार	डा लाकेगु/ख प्याखँ	क्वाछँ, टिबुक्छे भक्तपुर
फागुन १७, सोमबार	डा लाकेगु	टिबुक्छे, भक्तपुर
फागुन १८, मङ्गलबार	ख प्याखँ	भनपुखु, लायकु, भक्तपुर
फागुन १९, बुधबार	डा लाकेगु	भनपुखु, लायकु, भक्तपुर
फागुन २०, बिहीबार	ख प्याखँ	खौमा, भक्तपुर
फागुन २१, शुक्रबार	डा लाकेगु	खौमा, भक्तपुर
फागुन २५, मङ्गलबार	ख प्याखँ	इटाछेँ, भक्तपुर
फागुन २६, बुधबार	डा लाकेगु	इटाछेँ, भक्तपुर
फागुन २८, शुक्रबार	नाला प्रस्थान	नाला, काभ्रे
फागुन २९, शनिबार	ख प्याखँ	नाला, काभ्रे
फागुन ३०, आइतबार	डा लाकेगु	नाला, काभ्रे
चैत १, सोमबार	ख प्याखँ	धुलिखेल, काभ्रे
चैत २, मङ्गलबार	डा लाकेगु	धुलिखेल, काभ्रे
चैत ३, बुधबार	पेम्हाद्य प्याखँ	श्रीखण्डपुर, काभ्रे
चैत २५ बिहीबार	ख प्याखँ	बालाखु, भक्तपुर
चैत २६, शुक्रबार	डा लाकेगु	बालाखु, भक्तपुर

यस वर्षको वार्षिक क्यालेन्डरमा रहेको तिथि मितिमा रहेको जात्रासम्बन्धी जानकारीमा केही अस्पष्ट भएमा सम्बन्धित नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थामा सम्पर्क गरिदिनुहुन सम्पूर्ण भक्तजन तथा नेपालीजनमा हार्दिक अपिल गर्दछ ।

नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्था
भक्तपुर नपा-९, गछेँ, भक्तपुर

। सम्पादकीय ।

उपभोक्ता मूल्य बढ्दो, जातीय छुवाछुत यथावत : सरकार के गर्दै छ ?

नेपालीले उपभोग बढाउने समय सांस्कृतिक अवसर पनि हो। दसैंको मुखमा चिनी प्रतिकिलो ९५ रुपैयाँबाट १५० रुपैयाँ पुग्यो। रसुवाको भोटेकोसी हिमपहिरो भदौ १० गते अगाडि चीनबाट आयात हुने फुजी स्याउ १० किलोको २४ सय रुपैयाँ थियो, बाढीलगत्तै ३६ सय रुपैयाँ पुग्यो। रास्वपा सरकारले दैनिक औसत १० पसलमा अनुगमन भएको र दसै-तिहारमा उपत्यकामा मात्रै दैनिक आठ-दस टोलीलाई अनुगमन गराइएको दाबी गऱ्यो। अनुगमन टोलीले पसलको साइनबोर्ड, दर्ता, मूल्यसूची, नवीकरण, बिलबिजकमा उल्लेख गरिएको चार्ट सीटअनुसार मात्र निरीक्षण गरेको उपभोक्ता अधिकारकर्मीहरूको गुनासो हो। सामानको गुणस्तर, म्याद अवधि र मूल्य के कति बढ्यो अनुगमन गरिएन। 'कर्मकाण्डी' अनुगमनको कारण मूल्यवृद्धि, कृत्रिम अभाव, जम्माखोर गर्नेहरूलाई कुनै कारबाही गरिएन।

बजारमा मूल्यवृद्धि नभएको कुनै खाद्यवस्तु छैन। अनुगमन टोलीले मूल्य वृद्धि नियन्त्रणका लागि कुनै पहल गरेन। अघिल्लो संसद्मा नेका, एमाले, माओवादीले 'कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२' मा राखिएको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाइने व्यवस्था खारेज गरे। त्यो जनघाती कदमलाई सच्याउने काम रास्वपाको दुईतिहाइको संसद्ले किन गरेन ? रास्वपाले राष्ट्रिय सभामा आफ्नो बहुमत होइन प्रतिनिधि नै नभएको हुँदा कतिपय ऐन संशोधन अध्यादेशमार्फत गर्दै छ तर आम जनताको हित हुने २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने उल्लेखित ऐन अध्यादेशबाट संशोधन किन गरेन ? यसले नेका, एमाले, माओवादी, रास्वपा एकै ड्याङका मूला साबित किन हुँदैन ?

'कानुन छैन' भनेर मूल्य नियन्त्रण नगरी रास्वपा सरकार पन्छिन मिल्दैन। समाज र देशको विरूद्ध काम गर्नेलाई कारबाही त भएका अन्य कानुनबाट पनि हुने हो। रास्वपा सरकारमा जनताको सेवा गर्ने इच्छाशक्ति नै नभएको हो। अर्थात् रास्वपा सरकार बजार मूल्य नियन्त्रण गर्न पूर्णरूपमा असफल भएको हो। चर्को मूल्यवृद्धि र कृत्रिम अभाव गर्ने विरूद्ध कारबाही गर्न रास्वपा सरकार अक्षम बनेको हो। रास्वपा सरकारले 'बजार मूल्यमा हस्तक्षेप गर्न नसक्ने, विगतमा भएको कानुनी व्यवस्था हटिसकेको' भन्नु कायरता हो। रास्वपा सरकारले पनि विगतमाझैं अनुगमनमा 'आफ्ना' लाई छोड्ने र 'पराइ' लाई कस्ने गरेको पनि गुनासो छ।

रास्वपा सरकारले छठ पर्व मनाउनेहरूलाई अघिल्लो दिन कार्तिक २९ गते आइतबार अस्ताउँदो सूर्यलाई अर्घ्य दिन र भोलिपल्ट कार्तिक ३० गते सोमबार आउँदो सूर्यलाई अर्घ्य दिनसमेत सार्वजनिक बिदा दिने निर्णय गऱ्यो। नेपालमा १२५ जति जातजातिको संस्कृति पनि धेरै छन्। वर्षको ३६५ दिनमा अधिकांश दिनमा कुनै न कुनै जातजातिको संस्कृति परेको हुन्छ। सरकारी, सामुदायिक र निजी क्षेत्रमा रोजगारी गर्ने सबैलाई मिल्ने गरी वर्षको १२ दिन सांस्कृतिक बिदा दिनुपर्ने व्यवस्था गरिए आवश्यकताअनुसार नेपालीले बिदा उपयोग गर्ने बताउनेहरू पनि छन्।

महाभारतमा उल्लेख भएअनुसार पाण्डवहरूले चौध वर्षको वनवास र एक वर्षको अज्ञातवासको बेला यो 'व्रत' चलाएका थिए। तर, महाभारत कसैले लेखेको कथा न हो। कुनै बेला छठ नेपालको तराईमा मात्र सीमित थियो। अहिले काठमाडौँ उपत्यकासहित हिमाल र पहाडमा पनि यो सांस्कृतिक परम्परा पुग्यो। नेपालीलाई वैदेशिक रोजगारीमा पठाइएसँगै ती देशमा पनि नेपालको संस्कृति पुग्नु स्वाभाविक हो। छठ, जितिया र तीज मुख्यतया महिला संलग्न हुने सांस्कृतिक परम्परा हुँदै आएको छ। गत वर्ष रौतहटमा गैरदलितले दलितलाई एउटै पोखरीमा छठ संस्कृति मनाउन नदिएको सार्वजनिक भएको थियो। रास्वपाका रवि लामिछाने यसपटक छठ संस्कृतिमा संलग्न हुन जनकपुर पुग्दै छन्। तर, छठ, तीज, जितियालगायत नेपालीका सांस्कृतिक गतिविधिमा 'दलित' विरूद्धको विभेद रोकिने अवस्था छैन। छठमा प्रयोग हुने बाँसका सामग्री - नाङ्लो, ढकियालगायत डोम समुदाय (दलित) ले बनाएको शुद्ध हुने तर 'दलित' हरू अशुद्ध हुने वर्तमान अवस्था रास्वपाले पनि अन्त्य गर्नेछैन। सामन्तवादको अवशेष हो - मानवबिच छुवाछुत। राजनीतिक नेतृत्वमा 'सामन्तवाद' का समर्थकहरू पुगेसम्म मानवीय छुवाछुत अन्त्य हुनेछैन। सम्पूर्ण नेपाली जनता सचेत होऔँ।

इरानोफोबिया : डरलाई राजनीतिक अस्तित्व रक्षाको माध्यम बनाउने नेतन्याहुको प्रयास

✍ साइमन स्पिकम्यान कोर्दाल

गाजामा भएको नरसंहारको निगरानी गरेको, यस क्षेत्रभरि आक्रमणहरू सुरु गरेको र स्वदेशभित्र नागरिक स्वतन्त्रतालाई कमजोर पारेको इजरायलको दक्षिणपन्थी गठबन्धन सरकारको सत्तामाथिको पकड दिन प्रतिदिन कमजोर हुँदै गएको देखिन्छ। यस्तो अवस्थामा, कामचलाउ प्रधानमन्त्री बेन्जामिन नेतन्याहुद्वारा राजनीतिक सङ्क्रमण प्रक्रियालाई अवरुद्ध पार्न गरिएका तीव्र र हतासपूर्ण प्रयासहरूले उनी जसरी भए पनि सत्तामा टिकिरहन कतिसम्म आतुर छन् भन्ने कुरालाई दर्शाउँछन्।

पर्खाइमा, अर्को चुनावको लागि नेतृत्व गर्दै छन्।

"नेतन्याहु हतास छन्" किङ्स कलेज लन्डनका इजरायली राजनीतिक विश्लेषक अहरोन ब्रेगम्यान भने। उनलाई थाहा छ र उनको व्यवहारबाट यो देख्न सकिन्छ कि राजनीतिक रूपमा उनको यात्रा लगभग टुङ्गिएको छ; अब राष्ट्रिय एकताको सरकारले मात्र उनलाई बचाउन सक्छ।"

एउटा सानो युद्धले आइजेनकोट र उनको समूहलाई, उनले विपक्षी गठबन्धन र त्यसका नेता गादी आइजेनकोटलाई लक्षित गर्दै भने, "सङ्कटको घडीमा यस्तो इरानसँग युद्ध सुरु गर्न सके भने, स्वाभाविक रूपमा विपक्षीहरू उनको समर्थनमा उभिनेछन् र जनताले पनि उनीहरूबाट यस्तै अपेक्षा गर्नेछन्। उनीहरूले यसमा निहित कुटिलतालाई ठम्याउने थिए तर यो इरान हो; जो उनीहरूको सबैभन्दा ठुलो शत्रु हो।"

"विपक्षीमा रहेका पूर्वसैन्य सदस्यहरूका लागि, इरानको सामना गर्नु नै त्यो कुरा थियो जसका लागि उनीहरूले आफ्नो सम्पूर्ण जीवन प्रशिक्षणमा बिताएका थिए। आम जनताका हकमा भने वर्षौंसम्म इरानी खतराका बारेमा बताइँदै आएपछि, धेरैले युद्धलाई पहिले नै अपरिहार्य जलमार्गहरूमा अवरोध पुऱ्याएको छ, वित्तीय बजारहरूलाई अस्थिर बनाएको छ र विश्वका धेरैजसो ठाउँमा घरायसी खर्चमा असर पारेको छ।

यद्यपि, इरानसँगको अर्को युद्धले नेतन्याहुलाई आफू फसेको राजनीतिक सङ्कटबाट बाहिर निस्कने बाटो प्रदान गर्न सक्ने कुरा तेलअभिभ विश्वविद्यालयका राजनीतिक मनोवैज्ञानिक ड्यानियल बार-तालले औंल्याएका छन्।

हालको अवस्था हेर्दा, अधिकांश जनता उनी र उनको गठबन्धनको विपक्षमा छन्। बार-तालको विश्लेषणमा,



अक्टोबर २५, २०२६ मा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले एक्स (X) मा साझा गरेको एउटा एआई (AI) तस्बिर; जसमा उनी निर्वाचित नभएको खण्डमा तेलअभिभ सहर इरानी आणविक प्रहारको चपेटामा परेको देखाइएको छ।

यी प्रयासहरूमध्ये इरानसँगको युद्धलाई पुनः भड्काउने प्रयास पनि समावेश भएको देखिन्छ। इरानमाथि हुनसक्ने सम्भावित आक्रमणलाई मध्यनजर गर्दै, संयमता अपनाउन विपक्षीहरूले गरेको आग्रहलाई बेवास्ता गर्दै, नेतन्याहुले इजरायली सेनालाई युद्धका लागि तयारी अवस्थामा रहन निर्देशन दिएको बताइएको छ।

इरानमाथि पुनः आक्रमण गर्न दबाब दिने उद्देश्यले नेतन्याहुले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई लगभग दैनिक फोन गर्ने गरेको खुलासा भएलगत्तै यी रिपोर्टहरू आएका हुन्। इजरायली सञ्चारमाध्यमहरूले नेतन्याहु र सैन्य प्रमुख इयाल जमीरबिच बारम्बार मतभेद भएको पनि जनाएका छन्। जमीरले इरानविरुद्ध सैन्य कारबाही गर्ने प्रस्तावहरूको विरोध गर्दै, यस्तो कदमले अझ व्यापक द्वन्द्व निम्त्याउन सक्ने चेतावनी दिएका छन्।

विपक्षी नेता गादी आइजेनकोटलाई एक सम्भाव्य सरकार गठन गर्ने जिम्मेवारी दिइएको छ। तर, यो पक्का भइसकेको विषय भने होइन। नेतन्याहु आफू र आफ्नो लिकुड पार्टीलाई समावेश गर्ने राष्ट्रिय एकता सरकारको लागि जोड दिइरहेका छन् वा आइजेनकोट असफल हुने सरकार गठन गर्न बाध्य पार्न सक्छ।"

स्वार्थी उद्देश्यसहितको आज्ञापालन

विपक्षका धेरैले, स्वयम आइजेनकोटसमेतले नेतन्याहुमाथि आरोप लगाएका छन् कि उनी आफ्नो राजनीतिक अस्तित्व जोगाउन देशलाई विनाशकारी हुनसक्ने युद्धमा धकेल्ने प्रयास गरिरहेका छन् वा समय घर्काएर अर्को चुनाव गराउन बाध्य पार्ने उद्देश्यले जानाजान गठबन्धन निर्माण प्रक्रियालाई लम्ब्याइरहेका छन्।

यद्यपि, आलोचकहरू इरानसँग पुनः युद्ध सुरु गर्ने नेतन्याहुको प्रयासलाई सत्ता टिकाउने एउटा कुटिल चालका रूपमा हेर्छन् तर विश्लेषकहरूका अनुसार यदि उनले साँच्चै आक्रमण गरे भने उनका कट्टर विरोधीहरू उनको पक्षमा उभिन सक्छन्।

"यो विरोधाभासपूर्ण छ," बेन-गुरियन विश्वविद्यालयका प्राध्यापक तथा 'इरानोफोयिबा' (Iranophobia) नामक पुस्तकका लेखक हगाई रामले भने। उक्त पुस्तकमा तेहरानप्रति इजरायलको लामो समयदेखिको शत्रुतापूर्ण व्यवहारबारे विस्तृत रूपमा चर्चा गरिएको छ। सबैलाई थाहा छ कि यो बनावटी हुनेछ तर इरानलाई लिएर मच्चिएको उन्मादले अरु सबै कुरालाई ओझेलमा पारिदिन्छ। यदि नेतन्याहु सफल भए र ठानिसकेका छन्," उनले भने।

तिर्न लायक मूल्य

इरानसँग इजरायलको दशकौँ लामो 'शीतयुद्ध' इजरायली जनसङ्ख्याको ठुलो हिस्साको जीवनकालभरि नै निरन्तर चलिरहेको छ। दशकौँदेखि, इजरायलीहरू लेबनानको हेजबुल्लाहलगायत इरानका क्षेत्रीय सहयोगीहरूबाट आक्रमणको खतरामा बाँचेका छन्, जसको 'इजरायलको विनाश' को धम्की दिने बयानबाजी इजरायली मिडियामा व्यापक रूपमा रिपोर्ट गरिएको छ।

इजरायली नेताहरूले सन् १९९० को दशकदेखि नै बारम्बार दिँदै आएका चेतावनीहरूले यो डरलाई अझ बलियो बनाएका छन्; ती चेतावनीहरूमा तेहरान आणविक हतियार प्राप्त गर्ने सङ्घारमा रहेको र उसले सम्भवतः इजरायलविरुद्ध त्यसको प्रयोग गर्ने उल्लेख थियो।

सन् २०२३ अक्टोबर ७ मा हमासको नेतृत्वमा भएको आक्रमणपछि इजरायलले यस क्षेत्रमा धेरै युद्धहरू सुरु गर्दा तनाव चरम बिन्दुमा पुग्यो। सन् २०२५ को जून महिनामा इरानसँग १२ दिनसम्म चलेको आक्रमण-प्रत्याक्रमणपछि, फेब्रुअरीमा अमेरिकाको सहकार्यमा संयुक्त आक्रमण गरियो। यस घटनाक्रमले विश्वका केही महत्त्वपूर्ण उनी आफ्नो अस्तित्व जोगाउन सङ्घर्ष गरिरहेका छन्, किनकि उनीविरुद्ध धेरै फौजदारी मुद्दाहरू चलिरहेका छन्।

यद्यपि बार-तालले शङ्का छ कि इजरायलका प्रमुख सहयोगी तथा सैन्य समर्थक ट्रम्पले नेतन्याहुलाई इरानसँगको अमेरिकी वार्ता बिथोल्न दिनेछन्, तैपनि उनलाई के विश्वास छ भने इजरायलीहरूले यस्तो युद्धलाई समर्थन गर्नेछन् र आफू अहिले फसेको कठिन परिस्थितिबाट निस्कनका लागि आवश्यक पर्ने उथलपुथल सिर्जना गर्न यो नेतन्याहुका लागि एउटा उपयोगी चाल बन्न सक्छ।

रामका अनुसार, अहिलेको लागि इजरायलले यस्तो अवस्था कायम राखेको छ, जुन धेरैका लागि एउटा स्थायी प्रतीक्षाको स्थिति जस्तो लाग्छ।

"युद्धका लागि खडा गरिने कुनै पनि तर्क बनावटी हुनेछ भन्ने कुरा मानिसहरूलाई थाहा छ," उनले भने। "उनीहरू मूर्ख छैनन् र जे हो, त्यसलाई उनीहरू त्यही रूपमा देख्छन्। यद्यपि, मेरा केही साथी र विद्यार्थीहरूलगायत धेरै मानिस यसलाई अपरिहार्य ठान्छन्। उनीहरू केवल पर्खिरहेका छन्; यदि यस्तो भयो भने उनीहरू आफ्नो ड्युटीमा हाजिर हुनेछन् र आफूलाई दिइएको आदेश पालना गर्नेछन्।"

सन् १९१७ को मजदुर क्रान्ति - ६

✍ नारायणमान बिजुक्छें (रोहित)

मजदुरवर्गको विजय

साँझको सात बज्यो । आदेशअनुसार 'अरोरा' भन्ने लडाकु जहाजी सेनाको तोपको निशाना शीतल दरबारतिर फर्काइयो । शीतल दरबार तीनतिरबाट घेरिएको थियो । अचानक अँध्यारोलाई चिर्ने खालको एक ज्वाला र आवाज सुनियो । त्यो तोपको आवाज थियो; अरोराको तोपले शीतल दरबारमाथि हानेको गर्जन थियो । त्यो तोपको गर्जनले समाजवादी क्रान्ति र नयाँ युगलाई सुरु गऱ्यो । शीतल दरबारलाई पहरा दिने खानदानी परिवारका तालिमे छात्र भनिने युङ्करहरू र कज्जाकहरूले आत्मसमर्पण गरे । अस्थायी सरकारका मन्त्रीहरू पक्राउ परे । तर, प्रधानमन्त्री करेन्स्की एक आइमाईको भेषमा भाग्न सफल भए ।

उता स्मोल्नीको सभा भवन मजदुर, किसान र सिपाहीले भरिभराउ थियो । राति १० बजेर ४५ मिनेट भयो । आ-आफ्ना गुटका सबै प्रतिनिधिहरू त्यस ठुलो सभा भवनभित्र पसेर आ-आफ्ना ठाउँमा बसे । सभाको सभापति मेन्शेभिक नेता दान थियो । उसले फौजी डाक्टरको एक खुकुलो पोसाक लगाएको थियो । उसको मुख अँध्यारो थियो । ऊ बोल्शेभिकविरोधी थियो । क्रान्तिको हाँक, स्रोताहरूको ताली र सिटीको आवाज, भुइँमा बजाएको खुट्टाको आवाजले सभा भवन गुञ्जिरहेको थियो । त्यस हलचललाई शान्त पार्न सभापतिले घण्टी बजायो र बैठक उद्घाटनको घोषणा गऱ्यो । यो एक प्रकारको राष्ट्रिय प्रतिनिधिसभा वा संसद् थियो ।

उसले आफ्नो उद्घाटन भाषणमा औपचारिकरूपले भन्यो, "हाम्रो हातमा हुकुम आइसकेको छ ।... साथीहरू ! सोभियतहरूको यो महाधिवेशन असाधारण स्थितिमा भइरहेको छ । 'मजदुर र सैनिक प्रतिनिधिहरूको सोभियतको राष्ट्रिय रुसी केन्द्रीय कार्यकारिणी समिति' (छोटोमा त्से-इ-काह) तपाईंहरूको अगाडि राजनीतिक भाषण गर्नु अनावश्यक सम्झन्छु । तपाईंहरूलाई सम्झना होला म त्यही (त्से-इ-काहको) समितिको सदस्य हुँ । ठीक यही समयमा हाम्रा पार्टीका साथीहरू शीतल दरबारमा तोपले हान्दै छन् । तिनीहरू त्से-इ-काहले दिएको जिम्मेवारी पूरा गर्नको निम्ति आफ्नो जीवन होम्दै छन् । तपाईंहरूलाई अब कुरो प्रस्ट भयो होला ।"

त्यतिकैमा सभा भवनमा ठुलो होहल्ला भयो । उसले घोषणा गऱ्यो, "सोभियतहरूको दोस्रो महाधिवेशनको पहिलो बैठकको काम सुरु हुन्छ ।"

सबभन्दा पहिलो महाधिवेशन सञ्चालन गर्न अध्यक्षमण्डलको चुनाव भयो । प्रतिनिधिहरूको सङ्ख्याको आधारमा चुनाव भयो । त्यसमा बोल्शेभिकहरू १४ जना र अन्य पार्टीका ११ जना (समाजवादी क्रान्तिकारी ७, मेन्शेभिक ३, गोर्कीको संयुक्त समाजवादी प्रजातान्त्रिक अन्तर्राष्ट्रवादी १) चुनिए ।

दक्षिणपन्थी र मध्यमार्गी समाजवादी क्रान्तिकारी, मेन्शेभिकहरू र मेन्शेभिक अन्तर्राष्ट्रवादीहरूले विभिन्न कारण देखाउँदै अध्यक्षमण्डलमा भाग लिन अस्वीकार गरे । त्यतिकैमा ताली, सिटी बजाउँदै र विश्वासघाती भन्दै तिनीहरूको विरोध भयो । युक्राइनी प्रतिनिधिमण्डलबाट एक जनालाई अध्यक्षमण्डलमा राखियो । पुराना अध्यक्षमण्डलका सदस्यहरू डबलीबाट तल झरे ।

बोल्शेभिकहरूबाट नयाँ चुनिएका अध्यक्षमण्डलका सदस्य त्रोत्स्की, कामेनेभ, लुनाचार्की, कोल्लोन्ताई, नोगिन आदि मञ्चमा आ-आफ्नो स्थान लिन उक्ले । बोल्शेभिक सदस्य कामेनेभले पहिलो दिनको कार्यक्रम प्रस्तुत गरे । त्यसमा पहिलो, हुकुमको सङ्गठन, दोस्रो, युद्ध र शान्ति र तेस्रो संविधानसभाबारे थियो । त्यसैबेला वामपन्थी समाजवादी क्रान्तिकारीहरू र संयुक्त समाजवादी प्रजातन्त्रवादीहरूको तर्फबाट मार्तोभले किसानहरूलाई महाधिवेशनमा मत दिने अधिकार प्रदान गर्ने प्रस्ताव राखे । त्यसलाई स्वीकार गरियो । दक्षिणपन्थी प्रतिनिधिहरूले क्रान्तिलाई अराजकता र 'सरकारको विरोधमा अपराधपूर्ण विद्रोह' भनेर निन्दा गरे । तिनीहरू लामा लामा प्रस्तावका कुरा गरेर समय खेर फाल्न चाहन्थे । छाउनी, लडाईंको मोर्चा, कारखाना र गाउँगाउँबाट आएका सिपाही, मजदुर र किसानहरू अधैर्य भएर कराउँथे, "अब धेरै प्रस्तावको आवश्यकता छैन । अब धेरै भाषणको आवश्यकता छैन । हामी काम चाहन्छौं । हामी सोभियतहरूको सरकार चाहन्छौं ।"

विरोधीहरू आफ्नो चलनअनुसार सबै पार्टीको संयुक्त सरकार चाहन्थे । बोल्शेभिकहरू त्यसको जवाफमा भन्थे, "खालि एउटा मेलको बिन्दु छ - मजदुर, सिपाही र किसानहरूको संयुक्त सरकार !" मेन्शेभिक गुटको वामपन्थी पक्षलाई 'मेन्शेभिक अन्तर्राष्ट्रवादी' भनिन्थ्यो । त्यसको नेता मार्तोभ थिए । उनले 'हुन गइरहेको गृहयुद्धलाई पन्छाउने उद्देश्यले समस्याको शान्तिपूर्ण ढङ्गले सुल्झाउन' आह्वान गरे ।

त्यसको जवाफमा आकाशै थर्किने गरी नारा लाग्यो, "शान्तिपूर्ण सुल्झाइ मान्दैनौं । हाम्रो जितमात्रै एउटा बाटो छ । क्रान्तिको विजय मात्रै सम्भव सुल्झाइ हो ।"

कुचिन भन्ने एक सैनिक अफिसरले सोभियतहरूलाई जनताको समर्थन छैन र सेना त्यसको विरोधमा छ भनेर तर्साउन खोज्यो ।

सिपाहीहरू रिसाएर कराउन थाले, "तिमी फटाहा हौ; सेनाको माथिल्ला ओहदाको तर्फबाट बोल्दै छौ; लडाइँको खाडलमा लड्ने सिपाहीहरूको तर्फबाट होइन । हाम्रो माग छ, सारा हुकुम सोभियतहरूलाई देऊ !"

मेन्शेभिकहरूले एक घोषणा पढे, "बोल्शेभिकहरूले अरू पार्टी र पक्षसँग सल्लाह नगरिकनै पेट्रोग्राद सोभियतको सहायताबाट सैनिक षड्यन्त्र गरेको हुँदा हामीलाई महाधिवेशनमा भाग लिनु असम्भव भयो । यसकारण, हामी बैठक बहिष्कार गर्छौं । अरू पार्टीलाई पनि हामीले जस्तै गर्न आह्वान गर्छौं र परिस्थितिमाथि विचार गर्न सबैसँगै बस्न आह्वान गर्छौं ।"

त्यसपछि सभामा एकछिन हाहा-हुहु भयो । पक्ष र विपक्षमा सैनिकहरू बोल्न थाले । चर्काचर्की बहस भयो । साँच्चै बन्दुकको आवाज, घृणा, रिस, निन्दा, विरोध र डरत्रासको वातावरणमा नयाँ युगको जन्म हुँदै थियो । अन्त्यमा, यहुदी समाजवादी प्रजातान्त्रिक सङ्गठन (बुन्द) का सदस्य अब्रामोविच दबुलीमा चढ्यो र रिसाएर ठुल्ठुलो स्वरले बोल्यो, "हामी यहाँ बसेर अपराधको भागिदार हुन चाहन्नौं । हामी सबै प्रतिनिधिलाई यो महाधिवेशन छोड्न अनुरोध गर्छौं ।"

यति भनेर ऊ दबुलीबाट तल झर्यो र फटाफट ढोकातिर लम्क्यो । ऊसँगै झन्डै ८० जना प्रतिनिधि आ-आफ्नो ठाउँबाट उठेर उसको पछि लागे ।

ताली बजाउँदै, सिटी बजाउँदै र गिज्याउँदै उनीहरूलाई भनियो, "भगुवाहरू ! धोकेबाजहरू !" तिनीहरू बाहिर गइसकेपछि बैठकले एक घोषणापत्र स्वीकार गऱ्यो, "अस्थायी सरकारलाई पल्टाइयो । मजदुर, सिपाही र किसानहरूको ठुलो बहुमतको इच्छाअनुसार सोभियतहरूको यो महाधिवेशनले हुकुम आफ्नो हातमा लिन्छ । सोभियत सरकारले तुरुन्तै सबै राष्ट्रको अगाडि प्रजातान्त्रिक शान्ति र सबै मोर्चामा लडाइँ तुरुन्तै रोक्ने सन्धिको प्रस्ताव राख्नेछ । यस सरकारले क्षतिपूर्ति नदिई जग्गा हस्तान्तरण गर्नेछ ।"



अरोर युद्धपोत

बैठकमा छिनछिनमा नयाँनयाँ विजयका समाचार आइरहेका हुन्थे । मन्त्रीहरूको पक्राउ, राष्ट्र बैङ्क, रेडियो, टेलिफोन, सेनाको मुख्यालय कब्जा भएको; विभिन्न छाउनी र सैनिक गढबाट समर्थन तथा लडाइँहरूमा जितेका विषय हुन्थे । प्रतिनिधि र जनता खुसीले रुँदै एक अर्कालाई अँगालो हाल्थे । सोभियत सरकार स्थापना भयो । ८ नोभेम्बर अर्थात् २६ अक्टोबरको बिहान ६ बजेसम्म महाधिवेशनको पहिलो बैठक चालु रह्यो ।

यसप्रकार अक्टोबर क्रान्तिले विजयको घोषणा गऱ्यो । रुसको आकाशमा मजदुरवर्गको झन्डा फहरियो ।

२६ अक्टोबर (८ नोभेम्बर)

२६ अक्टोबरको बिहान जीवन सामान्य नै थियो । विरोधी पक्षले बोल्शेभिकहरूको विरोधमा जबरजस्ती सत्ता हत्याएकोमा भित्ता-भित्तामा गाली-बेइज्जतीका कागजात टाँसेका थिए । बोल्शेभिक 'अत्याचार' को विरोधमा लड्न आह्वान गरिएको थियो । जवाफमा बोल्शेभिकहरूले सेनाको क्रान्तिकारी समितिमार्फत अस्थायी सरकारका मन्त्रीहरू पक्राउमा परेको, करेन्स्की भागेको, उसलाई सजायको निम्ति पेट्रोग्राद पठाउन कागजात टाँसेका थिए । करेन्स्कीलाई कुनै किसिमको सहयोग गर्नु राज्यको विरोधमा ठुलो अपराध सम्झिने र सहायता दिनेलाई ठुलो सजाय गर्ने कुरो पनि भित्ते कागजहरूमा लेखिएको थियो ।

अस्थायी सरकारले पक्रेका सबै किसानहरूलाई जेलबाट छोड्ने; सेनामा मृत्युदण्ड समाप्त गर्ने; सरकारी कर्मचारीहरूले आ-आफ्नो काम चालु राख्ने; नगर्नेहरूलाई चर्को सजाय गर्ने; लुटपाट, उपद्रो र कालाबजारियालाई ज्यान सजाय गर्नेजस्ता एकपछि अर्को अपिल र आदेशहरू सोभियत सरकार र बोल्शेभिकहरू दिँदै गए ।

बोल्शेभिकविरोधी अखबारहरूले जथाभावी लेख्दै थिए, "बोल्शेभिकहरूको वचनमा विश्वास नगर्नुहोस् । तुरुन्तै शान्तिको प्रतिज्ञा झूटो हो । रोटी एक छल हो र जग्गा दिने वाचा एक परी कथा हो ।"

बोल्शेभिक क्रान्तिलाई तिनीहरूले क्रूरता, धोका आदि शब्दले गाली गर्न थाले ।

बिहान १० बजेतिर पेट्रोग्राद नगरपालिका (ड्युमा) को अधिवेशन भइरहेको थियो । त्यसको सभापति बोल्शेभिकविरोधी सेइदेर भन्ने थियो । उसले भन्यो, "समान, प्रत्यक्ष र गुप्त मतदानबाट निर्वाचित नगर ड्युमा एकमात्र वैधानिक सरकार हो । यसले अल्पमतबाट जबरजस्ती कब्जा गरेको बोल्शेभिक सरकारलाई मान्यता दिँदैन ।" बोल्शेभिकहरूले त्यसको जवाफमा भने, "चुनावबाट आएको भए पनि यो पुरानो भयो, यसलाई भङ्ग गरिनुपर्छ र फेरि यो चुनावबाट आउनुपर्दछ ।"

बोल्शेभिक प्रतिनिधिहरूको कुरालें अधिवेशनमा कोलाहल मच्चियो । नगरपालिका (ड्युमा) लाई 'यो प्रतिक्रान्तिको अड्डा हो; यहाँ हामी एक मिनेट पनि बस्दैनौं', भनेर बोल्शेभिकहरू बाहिर निस्के । विरोधीहरूले ठुलठुलो स्वरले गाली गर्दै भने, "जर्मनीका दलाल र धोकेबाजहरूको नास होस् !" बैठकले बोल्शेभिकहरूको पाइलाको विरोध गर्ने निर्णय गऱ्यो ।

अलेक्जान्द्र भवनमा पनि विरोधी पार्टीहरूको बैठक हुँदै थियो । ड्युमाको यस बैठकमा राम्रो लुगा लगाएका र खान पाएका मानिसहरूमात्रै थिए । मजदुरहरू तीनजना मात्रै थिए । रेलमार्गका मजदुरहरू, रेडियो, टेलिफोन अड्डाका मजदुरहरू र विदेश मन्त्रालयका कर्मचारीहरू बोल्शेभिकहरूको विरोधमा हडताल र विरोध गर्दै थिए । मजदुर र किसानको प्रगतिशील हुकुमलाई अचेतित र शोषकवर्गका प्रभावमा परेका मजदुरहरूले विरोध गर्ने यो एक राम्रो नमुना थियो । केही मजदुर पुँजीवादी विचारका र वर्गशत्रुहरूबाट उक्साइएका थिए ।

हडताल भड्काउने र बिगार्ने कामहरू गर्दै भिड चिच्याउँथ्यो, "यी बोल्शेभिकले बुद्धिजीवीहरूमाथि हुकुम चलाउने ? केही गरेर त हेर ! हामी तिनीहरूलाई कस्तो फलामे चिउरा चपाउन दिनेछौं, थाहा होला !" तिनीहरूले बोल्शेभिकहरूलाई 'बज्रमुक्का' र 'दनक' दिने धम्की दिए । त्यस बैठकले पनि बोल्शेभिकहरूको विरोधमा प्रस्ताव पारित गऱ्यो ।

सडकमा लालरक्षक र माझीहरूले विरोधी अखबार जफत गर्दै थिए । विरोधीहरू रिसाउँथे । मजदुरहरू तिनीहरूलाई सम्झाउँथे । जहाँ-तहाँ यस्तै भद्रगोल थियो । सबै विरोधी पार्टीहरू बोल्शेभिक पार्टीको विरोधमा थिए ।

बोल्शेभिकहरूको पनि स्मोल्नीमा बैठक हुँदै थियो । बोल्शेभिकहरूको एक ठुलो भाग कामेनेभ र रियाजानोभ आदिसँग सम्झौता गरेर 'संयुक्त सरकार' बनाउन चाहन्थे । तिनीहरूले भने, "हामी एक्लै कहिलेसम्म टिक्न सक्छौं । विरोधी पक्ष साऱ्है बलियो छ । हामीसँग मानिस छैन । हामी जनताबाट अलग्गिने छौं र सबै खतम हुनेछ ।"

लेनिनले दरो भएर भनिरहनुभयो, "सम्झौता गर्नेहरूले हाम्रो कार्यक्रम मान्नुपर्छ अनिमात्र तिनीहरू मन्त्रिपरिषद्मा आउन सक्छन् । हामी एक अङ्गुल पनि पछि हट्ने छैनौं । यति साहस र सङ्कल्प हुनेहरू यहाँ छैनन् भने; हामीजस्तै खतरा मोल्न तयार छैनन् भने, त्यस्ता साथीहरू पनि अरू कातर र सम्झौतावादीहरूसँगै महाधिवेशन छाडेर जान सक्छन् । हामी मजदुर र किसानहरूको समर्थनबाट आफ्ना पाइला अगाडि बढाउँदै जानेछौं ।"

रातको ८ बजेर ४० मिनेट गएको थियो । अध्यक्षमण्डल सभा भवनमा प्रवेश गरेपछि ताली बज्यो । त्यसमा लेनिन र अरू बोल्शेभिक नेता पनि थिए । सोभियतहरूको दोस्रो महाधिवेशनको दोस्रो बैठक सुरु भयो ।

कामेनेभले बैठकमा सैनिकहरूको क्रान्तिकारी समितिको तर्फबाट सेनामा मृत्युदण्ड समाप्त गरेको; प्रचार स्वतन्त्रता फेरि स्थापना गरेको; राजनीतिक अपराधमा पक्राउ परेका अफिसर र सिपाहीहरूलाई छोडेको र करेन्स्कीलाई गिरफ्तार गर्ने आदेश तथा व्यक्तिगत गोदामहरूमा थुपारेको अन्न एवम् खानेकुरा जफत गर्ने आदेशबारे रिपोर्ट प्रस्तुत गरे ।

यहुदी समाजवादी पार्टी (बुन्द) का प्रतिनिधिले 'बोल्शेभिकहरूको एकोहोरोपन (कट्टरता)' का कारण महाधिवेशनमा भाग लिन अस्वीकार गऱ्यो । सभा भवनमा ठुलो स्वर सुनियो । हामीले त सम्झेका थियौं; तपाईंले हिजै सभा त्यागनुभएको थियो । तपाईं कतिचोटि बैठक त्यागनुहुन्छ ?

बोल्नलाई मेन्शेभिक अन्तर्राष्ट्रवादीहरूको प्रतिनिधि उठ्यो । तर, बैठकबाट व्यङ्ग्यको वर्षा भयो, "अहो ! तपाईं अहिलेसम्म यही हुनुहुन्छ ?" उसले भन्यो, "सबै मेन्शेभिक अन्तर्राष्ट्रवादीहरूले महाधिवेशन छोडेका छैनन्; केहीले महाधिवेशनमा भाग लिँदै छन् । हुकुमलाई सोभियतहरूले हातमा लिनु क्रान्तिको निम्ति डरलाग्दो छ र सम्भवत: घातक पनि छ भन्ने हामी सम्झन्छौं ।"

बिचैमा कराएको सुनियो, "तर, फेरि पनि हामी महाधिवेशनमा बसेर त्यसकै विरोधमा मत दिने कर्तव्य सम्झन्छौं ।" यस्तै व्यङ्ग्य, विरोध, छलफल र वादविवाद हुँदै गयो । पछि लेनिन बोल्नको निम्ति उठ्नु भयो; ताली बज्यो ।

लेनिनले भन्नुभयो, "अब हामी समाजवादी व्यवस्थाको निर्माण सुरु गर्छौं ।" अनि, उहाँले शान्तिसम्बन्धी घोषणाको खेस्रा पढ्नुभयो । १० बजेर ४५ मिनेट जाँदा कामेनेभले घोषणासँग सहमत हुनेहरूले आ-आफ्नो कार्ड देखाउन अनुरोध गरे । खालि एक जना प्रतिनिधि त्यस मतको विरोधमा थियो । सबै प्रतिनिधि रिसाएको देखेर उसले पनि आफ्नो हात तल झार्यो । यसरी सर्वसम्मतिबाट घोषणा स्वीकृत भयो । बैठकले युद्धमा भाग लिइरहेका बेलायत, फ्रान्स र जर्मनीका वर्ग चेतित मजदुरहरूलाई शान्ति र मुक्तिको निम्ति सहयोग गर्न आह्वान गऱ्यो ।

यतिकैमा सबै उठे र संसारका मजदुरहरूको 'अन्तर्राष्ट्रिय' गीत गाए । लडाइँ समाप्त हुन्छ भन्ने सबैले बुझे । केही मानिस त खुसीले रुन थाले । फेरि, सहिदहरूको 'शव यात्रा' को गीत गाए । लेनिनले फेरि 'भूमिसम्बन्धी विज्ञप्ति' को खेस्रा पढ्नुभयो । त्यस प्रस्तावमा पनि ठुलो बहस भयो । रातको २ बजे 'भूमिसम्बन्धी विज्ञप्ति' मा मत लिइयो । एकमत विरोधमा गयो र अत्यन्त बहुमतले त्यसको पक्षमा मत दियो ।

त्यस विज्ञप्तिले भूमिमाथि बिनाक्षतिपूर्ति जमिनदारहरूको स्वामित्व समाप्त भयो । जग्गामा व्यक्तिगत स्वामित्वको ठाउँमा सामूहिक स्वामित्व कायम गरियो । जमिनदार, राजा जारका परिवार र मठहरूको जग्गा श्रमिकहरूलाई बिनापैसा दिने वा वितरण गरिने भयो । त्यसले ४० करोड एकडभन्दा बढी जग्गा राजा-रजौटा, पुँजीपति, महन्त र गुठीजस्ता शोषकहरूबाट खोसियो । बर्सेनि ५० करोड सुनको रूबल तिर्नुपर्ने रकम तिरोबाट किसानहरूलाई मुक्त गऱ्यो । तेल, कोइला, धातु आदि खानीहरू, जङ्गल र पोखरीमा भएको व्यक्तिगत मालिकत्व पनि समाप्त भएको घोषणा गरियो ।



सोभियत अधिवेशनमा समाजवादको जग हाल्दै लेनिन

साभार : अक्टोबर क्रान्ति र यसको महत्त्व





अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आगामी भ्रमण र 'प्याक्स सिलिका' परियोजनामार्फत देशमा अमेरिकी हस्तक्षेपको विरोधमा फिलिपिन्सको राजधानी मनिलामा हजारौँ मानिस सडकमा उत्रिएका छन् । आसियान (दक्षिण पूर्व एसियाली राष्ट्रहरूको सङ्गठन) र संयुक्त राज्य अमेरिकाबिचको शिखर सम्मेलनको लागि देशका विभिन्न सहरहरूमा धेरै दिनदेखि विद्यार्थी र श्रमिकहरू परिचालन भइरहेका छन् । यस कार्यक्रमको क्रममा अमेरिकी राष्ट्रपतिले अस्ट्रेलिया, ब्राजिल, जापान र दक्षिण कोरियाका नेताहरूसँग 'प्याक्स सिलिका' - अर्धचालक, कृत्रिम बुद्धिमत्ता (एआई), र महत्त्वपूर्ण खनिजहरूको आपूर्ति श्रृङ्खला सुरक्षित गर्ने उद्देश्यले अमेरिकी नेतृत्वको अन्तर्राष्ट्रिय पहलबारे छलफल गर्ने तयारी गरेको छ । *तस्विर : सामाजिक सञ्जाल*

यमनमा सर्वसाधारणको सुरक्षाप्रति राष्ट्रसङ्घको चासो आक्रमण रोक्न सबै पक्षलाई आग्रह

संयुक्त राष्ट्रसङ्घ, १४ नोभेम्बर (सिन्हुवा) । संयुक्त राष्ट्रसङ्घले यमनमा सर्वसाधारण नागरिक तथा नागरिक पूर्वाधारमाथि भइरहेका आक्रमणप्रति गम्भीर चासो व्यक्त गर्दै द्वन्द्वमा संलग्न सबै पक्षलाई नागरिकको जीवन, सुरक्षा र मानवीय मर्यादाको सम्मान गर्न आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिवका उपप्रवक्ता फरहान हकले शुक्रबार यमनका विभिन्न क्षेत्रमा ड्रोन, क्षेप्यास्त्र, हवाई आक्रमण तथा गोलाबारीका घटनाबाट सर्वसाधारण प्रभावित भइरहेको बताउनुभएको छ ।

उहाँका अनुसार अस्पताल, बजार तथा सर्वसाधारणका घरजस्ता सुरक्षित मानिएका स्थानसमेत आक्रमणबाट प्रभावित भइरहेका छन् । यस्ता घटनामा बालबालिकासहित सर्वसाधारणको ज्यान



जानुका साथै धेरै घाइते भएका छन् ।

हकले द्वन्द्वका क्रममा सर्वसाधारणले भोग्नुपरेको मानवीय पीडाप्रति ध्यानाकर्षण गराउँदै यस्ता घटनालाई सामान्य अवस्थाका रूपमा लिन नहुने बताउनुभयो । उहाँले द्वन्द्वमा संलग्न सबै पक्षलाई अन्तर्राष्ट्रिय कानुन तथा मानवीय दायित्वको सम्मान गर्न र नागरिकको सुरक्षाका लागि सम्भव भएसम्म आवश्यक सावधानी अपनाउन आग्रह गर्नुभएको छ ।

साथै, अन्तर्राष्ट्रिय कानुन उल्लङ्घनका घटनामा संलग्न व्यक्तिलाई जवाफदेही बनाउने व्यवस्था सुनिश्चित गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभएको छ । यसैबिच, संयुक्त राष्ट्रसङ्घका मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले हुथी नियन्त्रणमा रहेका बेला मृत्यु भएका राष्ट्रसङ्घीय कर्मचारी मोहम्मद इब्राहिम अल-शामीको शव परिवारलाई यथाशीघ्र बुझाउन आग्रह गर्नुभयो ।

उहाँले अल-शामीको मृत्युको मिति, कारण र परिस्थितिबारे आवश्यक छानबिन गर्न तथा जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउन हुथी अधिकारीहरूसँग आग्रह गर्नुभयो ।

हुथी नियन्त्रणमा रहेका करिब ७० जना राष्ट्रसङ्घीय कर्मचारीमध्ये अल-शामी पनि एक थिए । राष्ट्रसङ्घले हिरासतमा रहेका सबै कर्मचारी तथा मानवीय सहायता क्षेत्रमा कार्यरत व्यक्तिलाई तत्काल र बिनासर्त रिहा गर्नसमेत आग्रह गरेको छ ।

एआई प्रविधिमा लगानी बढाउने र सहकार्य सुदृढ गर्ने ईयूको तयारी

डब्लिन, १४ नोभेम्बर (सिन्हुवा) । युरोपेली सङ्घ (ईयू) का नेताहरूले कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको विकास, लगानी विस्तार तथा सदस्य राष्ट्रबिचको सहकार्यलाई थप प्रभावकारी बनाउँदै युरोपको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै, युक्रेनमा जारी द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि भइरहेका कूटनीतिक प्रयासलाई सहयोग पुऱ्याउने उद्देश्यले युरोपको प्रतिनिधित्व गर्ने संयुक्त वार्ता टोली गठन गर्ने सहमति गरेका छन् ।

आयरल्यान्डका प्रधानमन्त्री माइकल मार्टिनको आतिथ्यमा शुक्रबार डब्लिनमा सम्पन्न ईयू नेताहरूको अनौपचारिक बैठकमा एआई प्रविधिको विकास, आर्थिक प्रतिस्पर्धात्मकता तथा तीव्र गतिमा विकसित भइरहेको प्रविधिका सम्भावित जोखिमबारे विस्तृत छलफल भएको थियो । बैठकलाई ईयू नेताहरूबिच एआईसम्बन्धी विषयमा भएको पहिलो विस्तृत छलफलका रूपमा लिइएको छ ।

युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले एआई प्रविधिको विकास र प्रयोगलाई तीव्रता दिनुका साथै महत्त्वपूर्ण प्रविधिमा बाह्य निर्भरता घटाउन आवश्यक रहेको बताउनुभएको छ । उहाँले यसका लागि सार्वजनिक तथा निजी क्षेत्रबाट पर्याप्त लगानी परिचालन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँका अनुसार ईयूको आगामी दीर्घकालीन बजेट र प्रस्तावित युरोपेली प्रतिस्पर्धात्मकता कोषले युरोपको प्रविधिगत क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डर लेयेनले एआई प्रविधिको विकासलाई थप प्रोत्साहन गर्न युरोपमा सातवटा विशाल एआई केन्द्र स्थापना गर्ने योजना रहेको जानकारी दिनुभएको छ । ती केन्द्रका लागि आवश्यक कम्प्युटिङ पूर्वाधार विकास गर्न करिब ३० अर्ब युरो परिचालन गर्ने अपेक्षा गरिएको छ ।

उहाँका अनुसार युरोपको समग्र प्रविधिगत आत्मनिर्भरता अभिवृद्धि गर्न कम्तीमा ५०० अर्ब युरो लगानी आवश्यक पर्नेछ । यससम्बन्धी महत्त्वाकाङ्क्षी वित्तीय प्रस्ताव आगामी बैठकमा प्रस्तुत गर्ने तयारी रहेको उहाँले बताउनुभयो ।

यसैगरी, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले डिसेम्बर २ मा पेरिसमा युरोपेली प्रविधि क्षेत्रका अगुवाहरूको बैठक आयोजना गरिने जानकारी दिनुभएको छ । नेदरल्यान्ड्सका प्रधानमन्त्री रोब जेटेनसँगको सहकार्यमा आयोजना हुने उक्त बैठकले प्रविधि क्षेत्रका उद्यमी तथा नेतृत्वकर्ताबिच सहकार्य विस्तार गर्दै युरोपको प्रविधिगत आत्मनिर्भरतालाई थप सुदृढ बनाउने लक्ष्य राखेको छ ।

बैठकमा एआई प्रविधिको सुरक्षित प्रयोग, प्रभावकारी नियमन तथा समाजमा पर्न सक्ने प्रभावबारे पनि छलफल भएको थियो । कोस्टाले एआईको विकास र प्रयोगलाई जिम्मेवार तथा सुरक्षित बनाउन उचित निगरानी र अन्तर्राष्ट्रिय सहकार्य आवश्यक रहेको बताउनुभयो । यस विषयमा सन् २०२७ को फेब्रुअरीमा पुनः छलफल गरिने र सोही वर्षको सामाजिक शिखर सम्मेलनमा एआईको सामाजिक प्रभावलाई प्रमुख विषय बनाइने पनि उहाँले जानकारी दिनुभयो ।

यसैबिच, युक्रेनमा जारी द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि भइरहेका कूटनीतिक प्रयास पनि बैठकको प्रमुख एजेन्डा बनेका थिए । कोस्टाका अनुसार ईयूका संस्थाहरू तथा बेलायत, फ्रान्स, जर्मनी, इटाली र पोल्यान्ड सम्मिलित युरोपेली टोलीले युक्रेनसम्बन्धी शान्ति वार्तामा युरोपको प्रतिनिधित्व गर्नेछ ।

उहाँले शान्ति वार्ताका क्रममा युरोपले स्पष्ट र एकीकृत धारणा प्रस्तुत गर्नुपर्नेमा जोड दिनुभयो । युरोपेली आयोगकी अध्यक्ष भोन डर लेयेनले पनि उक्त टोलीमा युरोपेली परिषद्, युरोपेली आयोग र पाँच युरोपेली राष्ट्रका प्रतिनिधि सहभागी हुने जानकारी दिनुभएको छ ।

युक्रेनलाई आगामी वर्ष तथा त्यसपछिका अवधिमा आवश्यक पर्ने आर्थिक सहयोगबारे नोभेम्बर २६ र २७ मा हुने ईयू परिषद्को बैठकमा छलफल गरिने कोस्टाले बताउनुभयो । युरोपेली आयोगले उक्त बैठकअघि रुसमाथि २२ औँ चरणको प्रतिबन्ध प्रस्ताव तथा सन् २०२७ का लागि युक्रेनको वित्तीय आवश्यकता सम्बोधन गर्ने योजना प्रस्तुत गर्ने जनाएको छ ।

यसअघि बिहीबार डब्लिनमा सम्पन्न नवौँ युरोपेली राजनीतिक समुदायको शिखर सम्मेलनमा पनि युरोपका विभिन्न देशका नेताहरूले क्षेत्रीय सुरक्षा, आर्थिक प्रतिस्पर्धात्मकता तथा युक्रेन द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि भइरहेका प्रयासबारे छलफल गरेका थिए ।

विश्व सङ्क्षेप

भारतको मणिपुरमा सवारीसाधनमाथि गोली प्रहार, चार जनाको मृत्यु

नयाँदिल्ली, १४ नोभेम्बर (सिन्हुवा) । भारतको उत्तरपूर्वी राज्य मणिपुरमा बन्दुकधारी समूहले सवारीसाधनमाथि गोली प्रहार गर्दा कम्तीमा चार जनाको मृत्यु भएको छ । घटनामा मृत्यु हुनेहरू नागा समुदायका सर्वसाधारण रहेको प्रहरीले जनाएको छ ।

शुक्रबार मणिपुरको उखरुल जिल्लास्थित नेसनल हाइवे-२०२ मा पर्ने न्यु हेभननजिकै दुईवटा सवारीसाधनमाथि आक्रमण भएको हो । उक्त स्थान राज्यको राजधानी इम्फालबाट करिब ८२ किलोमिटर उत्तरपूर्वमा पर्छ ।

प्रहरीका अनुसार दुईवटा सवारीसाधनमा सवार नागा समुदायका नागरिकहरू इम्फालतर्फ जाँदै गर्दा बन्दुकधारीहरूले उनीहरूमाथि गोली प्रहार गरेका थिए । आक्रमणपछि घटनास्थलमा सुरक्षा व्यवस्था कडा पारिएको छ ।

घटनालगत्तै थप सुरक्षाकर्मी परिचालन गरिएको प्रहरीले जनाएको छ । प्रहरी, सीमा सुरक्षा बल (बीएसएफ), भारतीय सेना तथा असम राइफल्सका सुरक्षाकर्मीलाई घटनास्थल र आसपासका क्षेत्रमा खटाइएको छ ।

आक्रमणमा संलग्न व्यक्तिहरूको पहिचान गरी पक्राउ गर्न घटनास्थल तथा आसपासका क्षेत्रमा खोजी अभियानसमेत सञ्चालन गरिएको प्रहरी प्रवक्ताले बताएका छन् । घटनापछि थप अप्रिय घटना हुन नदिन सुरक्षा निकायले निगरानी र सुरक्षा व्यवस्था मजबुत बनाएको छ । आक्रमणमा संलग्न व्यक्तिहरूबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

सैन्य क्षमता विस्तारमा जापान, रक्षा बजेट ६० ट्रिलियन येन पुऱ्याउने तयारी

टोकियो, १४ नोभेम्बर (सिन्हुवा) । जापान सरकारले आगामी पाँच वर्षमा रक्षा खर्च उल्लेख्य रूपमा बढाएर ६० ट्रिलियन येन (करिब ३७६ अर्ब अमेरिकी डलर) पुऱ्याउने तयारी गरेको छ । जापानी समाचार संस्था क्योदो न्युजका अनुसार आर्थिक वर्ष २०२७ देखि २०३१ सम्मको अवधिका लागि सरकारले उक्त रक्षा बजेट प्रस्ताव गर्ने योजना बनाएको हो ।

रिपोर्टअनुसार जापानले आफ्नो सैन्य क्षमता विस्तारका लागि ठुलो सङ्ख्यामा ड्रोन, गोलीगट्ठा तथा क्षेप्यास्त्र खरिदलाई प्राथमिकता दिनेछ । यसका लागि सरकारले राष्ट्रिय सुरक्षा नीतिसम्बन्धी तीन प्रमुख दस्तावेज संशोधन गर्ने तयारी गरेको छ ।

सन् २०२२ को अन्त्यमा तयार गरिएका ती दस्तावेजमा आर्थिक वर्ष २०२३ देखि २०२७ सम्म पाँच वर्षका लागि करिब ४३ ट्रिलियन येन रक्षा खर्च गर्ने लक्ष्य निर्धारण गरिएको थियो । प्रधानमन्त्री साने ताकाइची नेतृत्वको सरकारले यसै वर्षको अन्त्यसम्ममा उक्त दस्तावेज संशोधन गर्ने योजना बनाएको छ । जापानको रक्षा बजेट पछिल्ला वर्षहरूमा लगातार बढ्दै कीर्तिमानी स्तरमा पुगेको छ । यसले देशभित्र सैन्य खर्च विस्तारबारे चिन्ता र विरोधसमेत बढाएको छ ।

सरकारको सैन्य विस्तार नीति, रक्षा बजेटमा निरन्तर वृद्धि तथा त्यसबाट सर्वसाधारणमाथि पर्ने थप आर्थिक भारको विरोधमा जापानी नागरिकहरूले यस वर्ष विभिन्न स्थानमा पटक-पटक प्रदर्शन गरेका छन् ।

जापानी सञ्चारमाध्यम 'टोकियो शिम्बुन' ले रक्षा खर्चमा भइरहेको वृद्धिले जनताको दैनिक जीवन, सामाजिक सेवा तथा कल्याणकारी कार्यक्रमका लागि छुट्याइने बजेटमा दबाब पर्न सक्ने टिप्पणी गरेको छ ।

जापानको प्रस्तावित नयाँ रक्षा बजेटले आगामी वर्षहरूमा देशको सुरक्षा नीति र सार्वजनिक खर्चको प्राथमिकताबारे बहस थप चर्काउने देखिएको छ ।

माओ त्सेतुङको निधन भएको ५० वर्ष भयो, तर नयाँ पुस्ता (जेनजी) हरू यी 'शिक्षक' प्रति किन आकर्षित भइरहेका छन् ?

✍ चेन यान

बीबीसी चिनियाँ
१२ सेप्टेम्बर २०२६

"धेरै महान् व्यक्तिहरू छन्, तर एक मात्र शिक्षक छन् ।"

चिनियाँ युवाहरूले दिवङ्गत माओ त्सेतुङलाई हिजोआज अनलाइनमा नियमितजसो 'शिक्षक' का रूपमा प्रस्तुत गर्ने गरेका छन् ।

भिडिओ प्ल्याटफर्म बिलिबिलीमा 'माओ त्सेतुङ' अथवा 'टीचर (शिक्षक)' भनेर सर्च गर्दा विभिन्न चलचित्र वा नाटकहरूबाट लिइएका अंशहरू झिकेर बनाइएका उनीसम्बन्धी दर्जनौं सङ्ग्रहहरू भेटिन्छन् ।

ती भिडिओहरूमा उनको युवाकाल, सैनिक कमान्डर रहेको समय, चीन, अमेरिका र सोभियत सङ्घबिचको शीतयुद्ध बेलाको व्यवस्थापकीय नेतृत्वका अवधि समेटिएका छन् ।

तीमध्ये धेरै भिडिओहरूलाई लाखौं मानिसले हेरेका छन् भने हजारौंको सङ्ख्यामा तिनमा कमेन्टहरू गरिएका छन् । कतिपयले 'महान् व्यक्ति जिन्दावाद' भनेर लेखेका छन् ।

बिलिबिलीका प्रयोगकर्ताहरू मूलत: युवा रहेका छन्, जसमध्ये ६० प्रतिशत जति १८ देखि २४ वर्ष उमेर समूहका छन् ।

एक फरक माओ

२० औं शताब्दीको चीनका सबैभन्दा प्रभावशाली राजनीतिक व्यक्तित्वका रूपमा माओले सन् १९४९ मा गणतन्त्रको स्थापनादेखि सन् १९७६ मा आफ्नो निधनको अघिसम्म कम्युनिस्ट पार्टी र मुलुकको नेतृत्व गरे ।

उनले 'ग्रेट लीप फरवर्ड' र सांस्कृतिक क्रान्तिजस्ता अभियानहरूमार्फत चीनको नेतृत्व गरे, जसले लाखौं जीवनको मूल्यमा देशको अर्थतन्त्र र समाजलाई पुन: आकार दियो ।

माओबाट प्रभावित हुनेमध्ये नान्जिङ विश्वविद्यालयमा अध्ययन थाल्न लागेका दोङ एक हुन् । हालै चाङ्साको अरेन्ज आइलमा माओको विशाल प्रतिमाअगाडि दुई युवतीहरूले देशभक्तिपूर्ण गीत गाएको भिडिओले उनलाई प्रभावित गऱ्यो ।

"उनीहरूले पूरै भावनाका साथ गीत गाए । माओको प्रतिमा धेरै अग्लो र जवान अवस्थाको छ । त्यो हेरेर म भावुक भएँ," दोङले बीबीसीसँग भने ।

उनका धेरै सहपाठीहरू 'किबोर्ड पोलिटिकल सर्कल' भनिने समसामयिक विषयबारे छलफल गर्ने युवा 'अनलाइन कम्युनिटीहरू' मा सहभागी हुन्छन् ।

यो प्रवृत्तिको अर्को सङ्केत के हो भने माओ त्सेतुङका छानिएका रचनाहरू अप्रत्याशित रूपमा सिन्ह्वा विश्वविद्यालय पुस्तकालयबाट सन् २०१९ यता सबैभन्दा धेरै लगिएको पुस्तक बन्यो र सन् २०२५ सम्म प्रत्येक वर्ष त्यो क्रम जारी रह्यो ।

माओप्रतिको आजका युवाहरूको रुचि सार्वजनिक भाष्य सुन्दै हुर्किएका उनीहरूका आमाबुबाको रुचिभन्दा पृथक छ ।

सन् १९८१ मा चिनियाँ कम्युनिस्ट पार्टी (सीसीपी) ले दङ सियाओपिङको नेतृत्वमा तयार पारिएको सङ्कल्प प्रस्तावलाई पारित गऱ्यो ।

त्यसले आधिकारिक रूपमा माओबारे गरिएको समीक्षालाई स्थापित गऱ्यो । उक्त समीक्षाले उनका उपलब्धि र गल्तीहरूलाई सन्तुलनमा राख्यो ।

मानिसहरूले माओलाई देउताको सट्टा एक ऐतिहासिक व्यक्तित्वका रूपमा हेर्न थाले, आफ्नै सीमितता भएको व्यक्तिको रूपमा ।

दङ नयाँ आर्थिक युगको प्रतीक बने अर्थात् देशभित्र बजारमुखी अर्थतन्त्र निर्माण गर्ने र त्यो अर्थतन्त्रलाई विश्वका लागि खुला गर्ने सुधार कार्यक्रमका अगुवा ।

तर, चिनियाँ युवाहरूका लागि माओ अहिले फेरि सान्दर्भिक भएका छन् । तङलगायत धेरैले माओको नाम विरलै उल्लेख गर्छन्, बरु उनलाई 'शिक्षक' भनेर सम्बोधन गर्छन् ।



यो उपाधिको उत्पत्ति खास रूपमा भएको हो । सन् १९७० मा अमेरिकी पत्रकार एडगर स्नोसँगको भेटको क्रममा माओले 'फोर ग्रेट्स' अर्थात् 'चार महान्' जस्ता उपाधिहरू आफूले मन नपराएको टिप्पणी गरेका बताइन्छ ।

सांस्कृतिक क्रान्तिको समयमा उनको प्रशंसा गर्न राजनीतिक नाराका रूपमा उनलाई महान् शिक्षक, नेता, कमान्डर र मार्गदर्शक भन्ने गरिन्थ्यो । माओले अगाडि थपे, "अब एउटा मात्र बाँकी छ... शिक्षक । किनकि म सधैं शिक्षक हुँ ।"

तङ र उनका सहपाठीहरू माओबारे खुलेर विस्तृत रूपमा छलफल गर्छन् । तर, जब वर्तमान चिनियाँ नेता सी चिनफिङको कुरा आउँछ, तब तङलाई लाग्छ "यो त्यस्तो विषय होइन, जसबारे खुला रूपमा छलफल गर्न सकिन्छ ।"

मर्केटर इन्स्टिच्युट फर चाइना स्टडीज (मेरिक्स) को एउटा अध्ययनले चिनियाँ अनलाइन फोरमहरूमा सार्वजनिक छलफलका लागि केही अवसर भए पनि उच्च तहको नेतृत्वसँग सम्बन्धित विषयहरूलाई प्राय: पन्छाइन्छ भनी औंल्याएको छ ।

अध्ययन प्रतिवेदनले छलफलको यो 'कमजोर वातावरण' सेन्सरशिप र सेल्फ-सेन्सरशिप दुवैको परिणाम हो भन्ने तर्क गरेको छ ।

'विगतको सम्झना मात्र होइन'

कतिपय विज्ञहरूका अनुसार केही युवाहरूले माओप्रति ध्यान दिनुको पछाडि सम्पत्तिमा असमानता र घट्दो सामाजिक गतिशीलताजस्ता सामाजिक मुद्दाहरूप्रति मिल्दोजुल्दो उनीहरूको धारणा एक कारण हो ।

चिनियाँ युवाहरूको राजनीतिक संस्कारबारे लामो समयदेखि अध्ययन गरेका लाइडन विश्वविद्यालयका प्राध्यापक फ्लोरिअन स्नाइडरका अनुसार आजका युवाहरूले अघिल्ला पुस्ताहरूभन्दा धेरै फरक वास्तविकताको सामना गरेका छन् ।

उनीहरूका आमाबुवा त्यस्तो युगमा बाँचेका थिए, जसमा आर्थिक वृद्धिले सबैको जीवनस्तरमा सुधार ल्याएको देखिन्थ्यो, जबकि आज धेरै युवाहरू सुधारसम्बन्धी तङले गरेका प्रगतिका वाचाहरूले आफूहरूलाई नछोएको महसुस गर्छन् ।

चीनको राष्ट्रिय तथ्याङ्क ब्युरोको पछिल्लो तथ्याङ्कअनुसार जुलाई २०२६ मा १६ देखि २४ वर्ष उमेर समूहका गैरविद्यार्थीहरूको सहरी बेरोजगारी दर १७.९ प्रतिशत पुगेको पाइएको छ । यो तीन वर्षअघि तथ्याङ्कीय विधि परिमार्जन गरिएयताको उच्च दर हो ।

धेरै युवाहरू निष्क्रिय भएर बस्न खोजिरहेका छन् । उनीहरू 'इनभोलुसन' भनिने एक किसिमको होडमा पर्न चाहँदैनन्, जहाँ उहीं स्थानमा रहिरहन पनि कडा मेहनत गर्नुपर्छ ।

यो पृष्ठभूमिमा पुँजीवादबारे माओका आलोचनाहरू केही युवामाझ पुन: सान्दर्भिक बन्न थालेका छन् ।

स्नाइडरका अनुसार कतिपयले माओका विचारहरूलाई 'पुँजीले राज्यलाई कब्जामा लिएको' भन्ने असन्तुष्टि व्यक्त गर्ने माध्यमका रूपमा प्रयोग गर्छन् भने कतिपयले माओका लेखरचनालाई जीवनका विरोधाभासहरूको सामना गर्नका लागि एक किसिमको मार्गदर्शनका रूपमा लिन्छन् ।

तङ त्यस्तै धारणा राख्छन्, "हाम्रो पुस्तालाई बाल्यकालदेखि नै कडा परिश्रमले फल दिन्छ भनेर सिकाइयो । तर, जब हामी हुर्कियौं, तब हामीले जागिर खोज्नु सजिलो नभएको र घर किन्नु हाम्रो पहुँचभन्दा बाहिर रहेको थाहा पायौं ।"

उनका अनुसार माओको भाषा सरल छ, त्यसले मानिसहरूलाई छुट्टाछुट्टै वर्गमा विभाजन गर्छ ।

"पीडक को हुन् र पीडित को हुन् भनेर उहाँले स्पष्ट भन्नुभएको छ । यो सरल रूपरेखा बुझ्न आर्थिक भाषाभन्दा निकै सजिलो छ ।"

स्नाइडर भन्छन्, "माओको पुनरुत्थान पुरानो यादको स्मरण मात्र होइन । यसले युवाहरूले अनुभव गर्ने असमानता र असुरक्षालाई वर्तमान ऐतिहासिक भाषा प्रयोग गर्ने नाम दिने एवं बुझ्ने प्रयासलाई प्रतिनिधित्व गर्छ ।"

राजनीतिक ऊर्जा

माओ त्सेतुङबारे चिनियाँ कम्युनिस्ट पार्टी (सीसीपी) को आधिकारिक समीक्षा अझै सन् १९८१ को प्रस्तावमा आधारित छ : माओका उपलब्धिहरू प्राथमिक हुन् भने गल्तीहरू गौण हुन् ।

सन् २०२१ मा अपनाइएको पार्टीको तेस्रो ऐतिहासिक प्रस्तावले 'चिनियाँ राष्ट्रको महान् पुनरुत्थान' लाई आफ्नो भाष्यको केन्द्रमा राखेको छ ।

यो ढाँचाभित्र माओको क्रान्तिलाई प्राय: त्यो चरणको रूपमा बुझिन्छ जहाँ चीन 'उठ्यो', जनगणतन्त्र स्थापना गऱ्यो, राष्ट्रिय स्वतन्त्रताको रक्षा गऱ्यो र राष्ट्रिय पुनरुत्थानको जग बसाल्यो ।

त्यसकारण, माओ एक ऐतिहासिक व्यक्तित्व मात्र होइनन्, जसका उपलब्धि र असफलताहरूको मूल्याङ्कन गरिनुपर्छ, उनलाई आजको राष्ट्रिय शक्तिको भाष्यका आधारभूत स्रोतहरूमध्ये एकका रूपमा पनि प्रस्तुत गरिएको छ ।

"आज माओ त्सेतुङ विचारको पुनरुत्थानका लागि पार्टीका शैक्षिक नीतिहरू कम्तीमा आंशिक रूपमा जिम्मेवार छन् । धेरै युवाहरूका लागि माओको चीन एउटा कल्पनामा आधारित छ, जसमा यी महान् नेता एक निर्विवाद नायक हुन्," स्नाइडरको विश्वास छ ।

उनका अनुसार धेरै युवाहरू 'ग्रेट लीप फरवर्ड' र सांस्कृतिक क्रान्तिको विनाशकारी वास्तविकतासँग अपरिचित छन् अथवा उनीहरूमा माओको भूमिकाबारे गलत बुझाइ छ ।

माओप्रतिको यो प्रशंसाले तुरुन्तै स्पष्ट हुनसक्नेभन्दा धेरै राजनीतिक शक्ति बोकेको स्नाइडर बताउँछन् ।

भूउपयोग गुरुयोजना विकासको अपरिहार्य आधार

✍ डा. ठाकुरप्रसाद भट्ट

काठमाडौं । दशकौंको विकासको चाहना र प्रयासपछि पनि हामी "के नेपालको विकास सम्भव छ ?" भन्नेजस्ता सवालमा घोत्लिन बाध्य भइरहेका छौं । यो आफैंमा एउटा दु:खद् अवस्था हो । त्यसो त विकास स्वयं जटिल र बहुआयामिक विषय हो; यो त्यति सजिलो र छोटो समयमा हासिल गर्न सकिने विषय पनि होइन तर पनि हाम्रोजस्तो साधन-स्रोतले धनी मानिने देशमा विकासले एउटा भरपर्दो लयसमेत समात्न नसकेको अवस्था रहनु विडम्बनायुक्त विषय हो ।

खासमा विकासको सपना देखेर वा यसको हुटहुटी भएर मात्र कुनै पनि देशले अपेक्षित विकास हासिल गर्न सम्भव हुँदैन । यस्तो सोचले विकासलाई खण्ड-खण्डमा वा कुनै विशेष क्षेत्रमा हुने विकासलाई मात्र ध्यान दिने गर्छ । यसबाट समग्रतामा विकासको ढाँचा निर्माण गरी एउटा लयमा अघि बढाउने काम हुन सक्दैन । हामीकहाँ दशकौंदेखि गरिएका विकासका प्रयासहरू कतै यस्तै खण्डित दृष्टिकोणका कारणले पूर्णता हासिल गर्न वा समग्र विकासको दिशातर्फ अघि बढ्न नसकेका हुन् कि भनेर प्रश्न गर्नुपर्ने देखिन्छ । त्यसैले विकासलाई समग्रतामा सोच्ने दृष्टिकोणले यसका कारणहरूको पहिचान गर्न र विकासका लागि चाहिने आधारभूत आधारहरूको खोजी गर्न सघाउँछ । हामीकहाँ विकासको सम्भावना छ तर त्यसका लागि आवश्यक वातावरण नै छैन भन्ने विचार र भावना सदैव रहिआएको छ । हो, त्यसैले पहिलो आवश्यकता विकासको आधार वा वातावरण तय गर्नु हो ।

यस्ता आधारहरूमध्ये हालसम्मको बहसमा छुटेको र प्राथमिकतामा नपरेको विषय हो- भूउपयोग गुरुयोजना । विकासको बाटोमा लाग्दा क्षेत्रीय विकास, एकीकृत ग्रामीण विकास आदि जस्ता अवधारणा र योजनाहरू नआएका होइनन् तर प्रसिद्ध भूगोलविद एवं विकासविद डा. हर्क गुरुङको पहलमा चौथो योजनामा समावेश गरिएको क्षेत्रीय विकास योजनाको नीतिले पूर्णता: पाउन सकेन भने भूउपयोग गुरुयोजनाको नीति लागु नै हुन सकेन । यहाँ मनन गर्नुपर्ने पक्ष के छ भने सबै कुरा पुरानै अवस्थामा राखेर विकासको आधार निर्माण हुन सक्दैन । स्वत: बन्दै जाने, आफसेआफ हुँदै जाने विकासको शैली अँगालेर वा हच्वा तवरमा योजनाहरू छरेर ठोस र दिगो विकास हासिल हुन सक्दैन तर हाम्रा सडकलगायतका भौतिक पूर्वाधार र बस्तीहरू समग्र विकासको ढाँचामा आधारित नभई अलग-अलग र एक किसिमको हच्वा शैलीमा निर्माण भइरहेका छन् । फलस्वरूप, यस्तो विकासले विकासको झलक दिन सकिरहेको छैन ।

यस्तो हुनुको पछाडि हाम्रा विकासका योजनाहरू वस्तुनिष्ठ विश्लेषण र परिवेशमा आधारित साझा आवश्यकताका आधारमा नभई राजनीतिक पक्षधरता र लोकप्रियताका आधारमा बन्ने गरेका छन् । यसको एउटा उदाहरण राष्ट्रिय गौरवका आयोजनाहरूको छनोटसमेत कतिपय अवस्थामा साझा राष्ट्रिय प्राथमिकताभन्दा राजनीतिक तथा दलीय प्राथमिकताबाट प्रभावित हुने गरेको आलोचना हुँदै आएको छ । तराई र पहाडमा समेत गरी तीनवटा पूर्व-पश्चिम राजमार्ग सञ्चालनमा आइसकेको अवस्थामा चुरेजस्तो संवेदनशील भूगोल, जैविक विविधताले भरिपूर्ण र पातलो बस्ती भएको क्षेत्रमा छोटो दूरीको अन्तरालमा नै अर्को समानान्तर राजमार्ग निर्माण गर्नुपर्ने आवश्यकता किन पऱ्यो ? जबकि पहाडी भेगमा रहेको पुष्पलाल लोकमार्ग र तराईमा रहेको हुलाकी मार्ग वर्षौंदेखि पूरा हुन सकेका छैनन् । हुनसक्छ, हामीलाई तीनवटा पूर्व-पश्चिम राजमार्ग भइसकेको अवस्थामा उत्तर-दक्षिण मार्गहरूलाई तिनमा जोडिदिँदा आर्थिक विकास र व्यवसायका लागि उचित वातावरण सिर्जना गर्न सकिने थियो । भूउपयोग गुरुयोजनालाई आधार बनाएर बस्तीहरूको अवस्था, आर्थिक-सामाजिक सम्भाव्यता र वातावरणीय पक्षसमेतको लेखाजोखा गरिएको भए उपयुक्त यातायात सञ्जाल वा प्रणाली विकास गर्न सहज हुने थियो ।

त्यसैगरी, देशैभरि डोजरे सडकहरू बनिरहेका छन् । बेहिसाब सडक निर्माणको एउटा दृष्टान्त काठमाडौंबाट हेटौंडा जाने सडकहरूलाई लिन सकिन्छ । काठमाडौं-तराई/मधेस द्रुतमार्गसहित मूल सडक तथा उपसडक गरी यस क्षेत्रमा नौवटा सडक निर्माण भइसकेका वा निर्माणाधीन छन् तर, वर्षायाममा दिगो रूपमा सञ्चालन हुन सक्ने सडकको अभाव देखिन्छ । आखिर कतिवटा सडकले हाम्रो आवश्यकता पूरा गर्ने हो र त्यसको निर्धारण कसरी गर्ने हो ? एकातर्फ सडकको सञ्जाल गाउँ-गाउँसम्म पुगिरहेको छ भने अर्कोतर्फ गाउँहरूबाट बसाइँसराइका कारण गाउँहरू खाली हुँदै गएका छन् र त्यहाँ आर्थिक-सामाजिक विकासका गतिविधिहरू अवरुद्ध भइरहेका छन् । अर्को देखिएको समस्या देशका अधिकांश पालिकाहरूमा फोहर व्यवस्थापनको रहेको छ । यसमा खासगरी फोहर व्यवस्थापन गर्ने साइटको पहिचान हुन सकेको छैन । त्यस्तै, बस्ती बस्नुपर्ने ठाउँमा बस्तीको विकास हुन सकेको छैन भने उर्बर फाँटहरूमा सडक हुलेर हच्वा तबरमा घरहरू निर्माण गर्दै योजनाविहीन रूपमा बस्तीहरू बनिरहेका छन् ।

यस्तो अवस्थाले के देखाउँछ भने हाम्रा विकासका प्रयासहरू दिगो विकास हासिल गर्ने उद्देश्यले योजनाबद्ध र एकीकृत तवरमा भइरहेका छैनन् । अझ, भौतिक पूर्वाधारका योजनाहरू निर्माण गर्दा ती योजनाहरूले कस्तो आर्थिक र सामाजिक लाभका अवसर र आधार सिर्जना गर्न सक्छन् भनेर पर्याप्त अध्ययन हुन सकिरहेको छैन । यदि यस्तो हुँदो हो त हाम्रा गाउँहरूमा सडक, पानी र बिजुली पुग्दा पनि ती किन खाली भइरहेका छन् ? किन हाम्रा उर्बर जग्गाहरूमा घरहरू बनेर कृषि भूमि नास भइरहेको छ र कृषि व्यवसाय ओरालो लागिरहेको छ ? यस्ता प्रश्नहरू उठिरहेका छन् ।

यस्ता समस्याहरूको समाधानको एउटा महत्त्वपूर्ण आधार भनेको भूउपयोग गुरुयोजनाको आधारमा समग्र विकास र आर्थिक-सामाजिक गतिविधिहरू सञ्चालन गर्नु हो । हाम्रोजस्तो भौगोलिक विविधता र प्राकृतिक प्रकोपको उच्च जोखिम रहेको देशमा विकासका हरेक योजना तय गर्न यसलाई अनिवार्य आधार बनाइनुपर्ने विषय हो । हामी कहाँ २०७२ सालको भूकम्पका बेला एकीकृत बस्ती विकासको चर्चा चलेको थियो भने हालैको भोटेकोसी-त्रिशुली बाढीको सन्दर्भमा बस्ती स्थानान्तरणको चर्चा चलिरहेको छ । यस्तो अवस्थामा यदाकदा भूउपयोग योजनाको चर्चा चल्छ । तर, हुनुपर्ने के हो भने भूउपयोग गुरुयोजनाको नीतिलाई बस्ती विकासदेखि भौतिक पूर्वाधार र समग्र सामाजिक-आर्थिक विकासको आधार बनाइनु जरुरी हुन्छ । यसले नै विकासको बलियो आधार निर्माण गर्छ ।

विकासका लागि चाहिने वातावरण निर्माण गर्न आवश्यक नीतिहरूको अभावमा खण्डीकृत वा टुक्रे विकासका कुरा गरेर वास्तविक र दिगो विकास हासिल हुन सक्दैन । अहिलेसम्मका हाम्रा विकास प्रयासहरू प्रभावकारी र परिणाममुखी हुन नसक्नुको एउटा महत्त्वपूर्ण कारण भूउपयोग गुरुयोजनाको नीति अवलम्बन नगर्नु हो तर यो विषय पर्याप्त बहसमा आउन सकेको छैन । यसका कारण हाम्रा सीमित स्रोत-साधनहरूको उचित सदुपयोग हुन नसकिरहेको मात्र होइन, अनियोजित विकासले कतिपय अवस्थामा विनाशसमेत निम्त्याइरहेको छ । फलत: विकासले अपेक्षित आर्थिक-सामाजिक विकासको दिशा समात्न सकेको छैन ।

भूउपयोग गुरुयोजनालाई समग्र विकासको आधार मान्नुको प्रमुख कारण क्षेत्रगत विकासका योजनाहरू निर्माण गर्न यसले बलियो आधार प्रदान गर्नु हो । यही आधारमा यातायात तथा समग्र 'कनेक्टिभिटी' को योजना बनाउन सहज हुन्छ ।

त्यसैगरी, जोखिमयुक्त तथा सुरक्षित क्षेत्रहरूको पहिचान गरी बस्ती विकासको योजना बनाउन सकिन्छ । जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिमको मूल्याङ्कन गरी नयाँ बस्ती मात्र होइन, पुराना बस्तीलाई समेत सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था आएको छ । योजनाबद्ध रूपमा विकास गरिएका एकीकृत र केन्द्रित बस्तीहरूमा पूर्वाधार तथा सेवाहरू सहज र कम लागतमा उपलब्ध गराउन सकिन्छ । यस्ता बस्तीमा आर्थिक गतिविधि चलायमान हुनुका साथै सामाजिक सेवाहरूको पहुँच पनि सहज हुन्छ । संसारका अधिकांश व्यवस्थित

बाँकी पृष्ठ ८ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १७०

सुझाव

केस स्टडी तथा सिकाइहरू :

क) नेपाली सेना, एपीएफ, नेपाल प्रहरी, एनआईडी तथा सीडीओ कार्यालयसहित सबै सुरक्षा निकायले Gen Z Movement २०२५ का रणनीतिक प्रभाव तथा परिणामसम्बन्धी केस स्टडी तयार गरी सम्बन्धित मन्त्रालयमा पेस गर्नुपर्छ ।

रक्षात्मक संरचना र सुरक्षा खाका :

क) तहगत रक्षात्मक ढाँचा अवलम्बन गर्नुपर्छ । जसमा क्रमिक प्रतिक्रिया मोडेल लागू हुन्छ पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी बल र (यदि आदेशित भएमा) सबैभन्दा भित्री घेरामा नेपाली सेना, जसले सुरक्षा-गहिराइ सुनिश्चित गर्छ ।

ख) यो बहु-तह व्यवस्था एकीकृत तैनाथी रणनीतिद्वारा समर्थित हुनुपर्छ । जहाँ सबै सुरक्षा निकायले नियमित पूर्वाभ्यास र संयुक्त अभ्यास सञ्चालन गरी कार्यगत तयारी तथा अन्तर-सञ्चालन क्षमता सुदृढ गर्नुपर्छ ।

विशेष सुरक्षात्मक हतियार, गोलाबारुद तथा उपकरणहरू :

क) सबै सुरक्षा निकायका लागि सुरक्षात्मक सामग्री, गैर-घातक उपकरण, सञ्चार प्रणाली तथा गतिशीलतासम्बन्धी साधनहरू आधुनिक प्रदर्शन-व्यवस्थापन आवश्यकताअनुसार स्तरीकरण र उन्नत गरिनुपर्छ ।

ख) दीर्घकालीन तैनाथीका लागि आवश्यक लजिस्टिक भण्डार तथा हाइड्रेसन सामग्री, चिकित्सा किट, यातायात व्यवस्था र राहत सामग्री पर्याप्त मात्रामा उपलब्ध राखिनुपर्छ ।

डिजिटल लजिस्टिक्स ट्र्याकिङ प्लेटफर्म :

क) अत्याधुनिक डिजिटल लजिस्टिक्स-ट्र्याकिङ प्लेटफर्म प्रयोग गरी आपूर्तिको वास्तविक-समय निगरानी, संसाधन व्यवस्थापनका सबै तहमा पारदर्शिता तथा जवाफदेहिता वृद्धि र नियमित तथा सङ्कटकालीन दुबै अवस्थामा द्रुत र डेटा-आधारित परिचालन सुनिश्चित गर्नुपर्छ ।

ख) GPS – सक्षम ड्यासबोर्ड, भण्डारण ट्र्याकिङ सफ्टवेयर, तथा एकीकृत लजिस्टिक्स सूचना प्रणालीजस्ता आधुनिक डिजिटल प्रणालीहरूको प्रयोगमा जोड दिनुपर्छ ।

विशेष एकीकृत तालिम केन्द्र स्थापना :

गृहमन्त्रालयअन्तर्गत विशेष एकीकृत तालिम केन्द्र स्थापना गरी नागरिक अशान्ति व्यवस्थापन, दङ्गा तथा भिड नियन्त्रण, भिड मनोविज्ञान, वार्ता र तनाव न्यूनीकरणमा संयुक्त तालिम प्रदान गरिनुपर्छ । संयुक्त राष्ट्र शान्तिरक्षण मानकअनुसार यस केन्द्रले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र गृह मन्त्रालयको नागरिक प्रशासनिक कर्मचारीहरूलाई तालिम दिनेछ ।

संयुक्त अन्तर-निकाय तालिम मोड्युलहरू :

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, प्रमुख जिल्ला अधिकारी, क्याडर र नेपाली सेनाका लागि संयुक्त तालिम कार्यक्रम विकास र कार्यान्वयन गरिनुपर्छ । यी मोड्युलहरूले नागरिक सहभागिता, मानवतावादी समन्वय, द्वन्द्व संवेदनशीलता र सांस्कृतिकरूपले उपयुक्त सञ्चारमा ध्यान केन्द्रित गर्नुपर्छ । यसका लागि उपयुक्त विशेषज्ञ, अनुभवी स्रोत व्यक्ति र विश्वासिलो थिङ्क ट्याङ्कहरूको परामर्श लिन सकिन्छ ।

नियमित अनुकरणात्मक अभ्यास सञ्चालन :

स्थानीय सरकार, विद्यार्थी, नागरिक समाज संस्था र समुदाय नेताहरूलाई समेटेर समय-समयमा अभ्यास र परिदृश्य आधारित अभ्यास आयोजना गरिनुपर्छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञान आदान-प्रदान :

एकीकृत तालिम केन्द्र, नेपालमा संयुक्त राष्ट्र शान्तिरक्षण तालिम संस्था र अन्तर्राष्ट्रिय साझेदारबिच संरचित आदान-प्रदान र अध्ययन भ्रमण कार्यक्रम प्रवर्द्धन गर्नुपर्छ ।

युवा-केन्द्रित सहभागिता र सचेतना कार्यक्रमहरू :

राष्ट्रिय हित, देशभक्ति, सार्वजनिक सुरक्षा, अपराध रोकथाम, समुदाय प्रहरी, यातायात र सडक सुरक्षा व्यवस्थापन, आतङ्कवाद, Border Security र विद्रोह विरोधी सचेतना जस्ता विषयमा लक्षित युवा कार्यशालाहरू सञ्चालन गरिनुपर्छ । छोटो अवधिका कार्यशाला (१-२ हप्ताका) माध्यमिक र उच्च माध्यमिक विद्यार्थीका लागि Semester Term Break Period मा सञ्चालन गर्न सकिन्छ । यसका लागि विशेषज्ञ, अनुभवी स्रोत व्यक्ति र थिङ्क ट्याङ्कहरूको परामर्श लिन सकिन्छ ।

नागरिक शिक्षा :

राष्ट्रिय हितको संरक्षण, सुरक्षा महत्त्व, कानुनी प्रदर्शनका नियम, सामूहिक जिम्मेवारी र शान्तिपूर्ण नागरिक सहभागिताको महत्त्वमा आधारित नागरिक शिक्षा र जनचेतना कार्यक्रम प्रवर्द्धन गर्नुपर्छ ।

सन् २०२५ को Gen Z आन्दोलनले स्पष्ट पारेको छ कि नेपालको सुरक्षा वातावरणमा Technology Enabled युवा आन्दोलन र विकसित नागरिक अपेक्षाहरूका कारण गहिरो परिवर्तन भइरहेको छ ।

भदौ २३ र २४ को घटनामा प्रहरीका हातहतियारहरू लुटिनुमा खासगरी हातहतियार सुरक्षित राख्ने ठाउँ र तरिका नै अति असुरक्षित देखियो । यसको समाधानका लागि हाल construction phase मा रहेका र भविष्यमा बन्ने प्रहरीको चौकी तथा भवनहरूका पेरिमिट बलियो बनाउनु पर्छ । प्रत्येक चौकी तथा भवनहरूमा एउटा कङ्क्रिट ढलान गरेको र बाक्लो फलामको ढोका भएको कोतभण्डारको लागि strong Armour room बनाइनुपर्दछ ।

ठाँटीकाँध गाउँपालिका तयारी समिति गठन

दैलेख, २८ कार्तिक । नेपाल मजदुर किसान पार्टी ठाँटीकाँध गाउँपालिका समितिको आयोजनामा कार्यकर्ताहरूको शुक्रबार भेला भयो ।

उक्त भेलामा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले देश र जनताको हित विपरीत कार्यको नेमकिपाले निरन्तर सङ्घर्ष गरिरहेको उल्लेख गर्दै अराजक क्रियाकलापलाई निरूत्साहित गर्नुपर्नेमा जोड दिनुभयो । पार्टीले स्थापनाकालदेखि देशी विदेशी प्रतिक्रियावादीहरू को विरोध गर्दै कामदार वर्गको पक्षमा काम गरिरहेको बताउनुभयो ।

नेमकिपा जिल्ला समिति दैलेखका अध्यक्ष खगेन्द्रबहादुर शाहीले पार्टी कार्यकर्ताहरू इमानदारीपूर्वक जनताको सेवामा लागिरहनुपर्ने उल्लेख गर्दै सरकार विदेशी शक्ति राष्ट्रहरूको उठबसमा रहेर देशलाई परनिर्भर बनाउँदै लगेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

भेलामा खड्गबहादुर कठायत, एनबी रोकाया, लवराज रोकायाले देश-विदेशमा भइरहेको राजनीतिक घटनाबारे प्रस्ट पार्दै विदेशी आक्रमण र थिचोमिचोको विरोध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

मनराज थापाको सभापतित्वमा भएको सो भेलाले लवराज रोकायाको संयोजकत्वमा १३ सदस्यीय ठाँटीकाँध गाउँपालिका सम्मेलन तयारी समिति गठन गऱ्यो ।

होर्मुज जलडमरुमा फेरि तनाव, दुई तेल ट्याङ्करमा विस्फोट र आगलागी

तेहरान, १४ नोभेम्बर (एएफपी) । इटालीको रिभोलुसनरी गार्ड्सले शनिबार होर्मुज जलडमरुमामा दुई तेल ट्याङ्कर ठोक्किएपछि विस्फोट र आगलागी भएको दाबी गरेको छ ।

इरानी सरकारी प्रसारण संस्थामार्फत सार्वजनिक गरिएको विज्ञप्तिमा ती जहाजले आफ्नो राडार तथा लोकेसन प्रणाली बन्द गरेर अनुमति नलिई जलडमरुमा प्रवेश गर्न खोजेको उल्लेख छ । तीमध्ये एउटा ठुलो क्षमताको सुपरट्याङ्कर रहेको जनाइएको छ । तर, जहाजको नाम र उत्पत्तिबारे खुलाइएको छैन ।

फेब्रुअरीमा अमेरिका र इरानबिच युद्ध सुरु भएयता तेहरानले होर्मुज जलडमरुमा आवागमनका लागि आफ्नो अनुमति अनिवार्य रहेको बताउँदै आएको छ । अनुमति नलिएका जहाजमाथि आक्रमणसमेत भएको छ ।

यसैबिच, इरानले रणनीतिक जलमार्गमा आवागमन नियन्त्रण कडा बनाएपछि अमेरिकाले इरानी बन्दरगाहमा नौसैनिक नाकाबन्दी लगाएको छ । साथै, उक्त जलमार्ग प्रयोग गर्ने तेल ट्याङ्करलाई सैन्य सहयोग उपलब्ध गराउँदै आएको छ ।

पछिल्ला साताहरूमा जलडमरुमा विभिन्न जहाजमा आगलागी तथा विस्फोटका घटना भएको इरानी सेनाले जनाएको छ । शुक्रबार पनि ग्यास बोकेको एक जहाज समुद्री बारुदमा ठोक्किएको भन्दै इरानले धुवाँको मुस्लो देखिएको भिडियो सार्वजनिक गरेको थियो । यद्यपि, अमेरिकी सेनाले भने जलमार्गका मुख्य आवागमन मार्गबाट समुद्री बारुद हटाइसकेको जनाएको छ ।

पुरानो सञ्चार प्रणालीमा समस्या आएपछि अमेरिकाभर हवाई उडान ठप्प, हजारौं उडान रद्द

वासिङ्टन, १४ नोभेम्बर (एएफपी) । दशकौं पुरानो सञ्चार प्रविधिमा समस्या आएपछि शुक्रबार अमेरिकाभर केही घण्टाका लागि हवाई उडान रोकिएको छ । यसबाट देशभरका लाखौं यात्रु प्रभावित भएका छन् भने हजारौं उडान रद्द भएका छन् ।

सरकारी अधिकारीका अनुसार हवाई यातायात नियन्त्रण प्रणालीमा आएको व्यापक सञ्चार अवरोधका कारण देशभरका विमानस्थलमा उडान रोक्नुपरेको हो । उडानका लागि तयारी अवस्थामा रहेका केही विमानबाट यात्रुलाई अन्तिम समयमा ओरालिएको थियो ।

अमेरिकाको सङ्घीय उड्डयन प्रशासनले करिब चार घण्टापछि उडान रोकसम्बन्धी आदेश हटाएको थियो । राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले भने उक्त समस्या कुनै नियोजित आक्रमणका कारण भएको प्रमाण नरहेको जनाएको छ ।

यातायातमन्त्री सन डफीले दशकौं पुरानो प्रणाली, पुराना स्विच, राउटर तथा सन् १९८० को दशकका तामाका तार प्रयोग भइरहेकाले समस्या उत्पन्न भएको बताउनुभयो । उहाँले पुरानो प्रणालीमा अत्यधिक भार परेपछि देशभर सञ्चार सेवा अवरुद्ध भएको जानकारी दिनुभयो ।

डफीले हवाई यातायात नियन्त्रण प्रणाली आधुनिकीकरण गर्न अमेरिकी संसद्सँग ३० अर्ब १० करोड अमेरिकी डलर बजेट माग गरेका छन् ।

उडानसम्बन्धी तथ्याङ्क राख्ने संस्था फ्लाइटअवेयरका अनुसार यस घटनाका कारण आन्तरिक तथा अन्तर्राष्ट्रिय गरी करिब छ हजार उडान रद्द भएका थिए । विमानस्थलहरूमा यात्रुको भीड बढेको थियो भने धावनमार्ग र विमानस्थल परिसरमा विमानहरू रोकिएका थिए ।

न्युयोर्कको लागार्डिया विमानस्थलमा यात्रु टियारा जोन्सनले ओर्लान्डो जाने आफ्नो उडान पटक-पटक सारिएको बताउनुभयो । सुरुमा बिहान ७:५५ बजे भनिएको उडानको समय पटक-पटक परिवर्तन हुँदै १०:३० बजे पुऱ्याइएको थियो ।

अमेरिकी अधिकारीहरूले उक्त घटना साइबर आक्रमण वा कृत्रिम बौद्धिकतासँग सम्बन्धित नभएको स्पष्ट पारेका छन् । यसअघि सन् २०२३ मा पनि सूचना प्रणालीमा समस्या आएपछि अमेरिकाभर उडान प्रभावित भएको थियो । सन् २००१ को सेप्टेम्बर ११ को आतङ्कवादी आक्रमणपछि भने पहिलोपटक यति व्यापक रूपमा हवाई सेवा रोकिएको थियो ।

उडान अवरुद्ध भएपछि यात्रुहरू वैकल्पिक यातायात खोज्न बाध्य भएका थिए । कतिपयले गाडी भाडामा लिन लामो समय लाइन बस्नुपरेको थियो भने कतिपयले थप एक रात विमानस्थल नजिकै बिताउनुपरेको थियो ।

भूउपयोग...

बस्तीहरू कुनै न कुनै रूपमा भूउपयोग योजना वा त्यसमा आधारित दीर्घकालीन योजनाका आधारमा नै विकास भएका छन् ।

यसैगरी कृषि, वन, पर्यटनजस्ता आर्थिक विकासका क्षेत्रहरूको योजनाबद्ध विकासका लागि पनि भूउपयोग गुरुयोजनाले महत्त्वपूर्ण आधार प्रदान गर्दछ । कृषि विकासका लागि स्थानीय उत्पादनलाई कसरी बजारसँग जोड्ने भन्ने योजना पनि यही आधारमा बनाउन सम्भव हुन्छ ।

त्यसैगरी, पालिकाहरूबिचको सहकार्यमा जटिल बन्दै गएको फोहर व्यवस्थापनको समस्या समाधानका उपाय पहिचान गर्न पनि भूउपयोग गुरुयोजनाले आधार प्रदान गर्न सक्छ । भूउपयोग गुरुयोजना भौतिक पूर्वाधारका योजनाका लागि मात्र आवश्यक हुने होइन; सामाजिक तथा आर्थिक विकासका योजनाका लागि पनि यो बलियो आधार बन्न सक्छ । विद्यालय तथा अन्य शैक्षिक संस्थाहरू कहाँ र कसरी केन्द्रित गर्ने, अस्पतालहरू कहाँ आवश्यक छन्, औद्योगिक क्षेत्रहरू कहाँ स्थापना गर्न उपयुक्त हुन्छन् जस्ता विभिन्न पक्षलाई पनि भूउपयोग गुरुयोजनाले मार्गदर्शन गर्न सक्छ ।

यसरी समग्र विकासको आधार बनाइनुपर्ने भूउपयोग गुरुयोजना तयार गर्न र कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य हुनु आवश्यक छ । आज सूचना प्रविधिको विकास भएको अवस्थामा यसको सदुपयोग गरी यस्तो गुरुयोजना तयार गर्न थप सहज भएको छ । यसका लागि विभिन्न विषयका विज्ञहरूको संयुक्त प्रयास आवश्यक हुन्छ भने योजना आयोग, अनुसन्धान संस्थाहरू तथा विश्वविद्यालयहरूको सहकार्य पनि उत्तिकै जरुरी छ । यस कार्यमा भूगोलविद्, भूगर्भशास्त्री, मानवशास्त्री तथा समाजशास्त्री, अर्थशास्त्री, विकास तथा योजनाविद्जस्ता विभिन्न विषयका विज्ञहरूको संलग्नताका साथै रैथाने ज्ञान र स्थानीय अनुभवलाई पनि उत्तिकै महत्त्व दिन आवश्यक हुन्छ । यसो हुन सकेमा मात्र बहुआयामिक दृष्टिकोणसहित समग्र विकासका लागि व्यावहारिक रूपमा कार्यान्वयन गर्न सकिने भूउपयोग गुरुयोजना निर्माण हुनेछ । यस्तो गुरुयोजनाले मात्र देशको सर्वाङ्गीण विकासको दिगो आधार तय गर्न सक्छ ।

(लेखक विकास योजना तर्जुमा, अनुसन्धान र अध्यापनमा संलग्न हुनुहुन्छ) ***रासस***

युवाहरूको...

ठुला भनिने कम्युनिस्ट पार्टीले देखाइसकेको छ । कम्युनिस्ट भनिने दलका नेताहरूले पटक - पटक सरकारको नेतृत्व गरे पनि कम्युनिस्ट पार्टीको सिद्धान्त, विचार र अवधारणाअनुसार कुनै काम गरेका छैनन् । कम्युनिस्ट पार्टी भनेर देश-विदेशमा चिनाउने तर कम्युनिस्टको आचरण पालना नगर्ने दलकै कारण नेपालको कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलन पछि परेको हो ।

ज्ञान...

आदर निकेतन सञ्चालन गरेजस्तै चाँगुनारायण नपाले पनि आदर निकेतन स्थापना गरी सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै ज्येष्ठ नागरिकहरूले खानेकुरामा ध्यान दिनुपर्छ भन्नुभयो ।

"प्रजातन्त्रको पुन:स्थापनापछि नागरिकहरूले धेरै कुराको आस गरेका थिए तर सरकारमा गएकाहरूले जनअपेक्षाअनुसार काम गरेनन् । जनताको सुख दु:खमा साथ दिने पार्टी र उम्मेदवारहरूलाई निर्वाचनमा जिताउन नसक्दा नयाँ पुस्तादेखि ज्येष्ठ नागरिकहरू वाक्कदिक्क भएका हुन् । आगामी निर्वाचनमा यस्ता कुराहरू स्मरण गर्नुपर्छ," उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप आदर निकेतनका गंगाराम कोजुले भन्नुभयो, "ज्येष्ठ नागरिकहरू समाजका अनुभवी मार्गनिर्देशक हुन् । उमेरसँगै शारीरिक अवस्था कमजोर हुने भएकोले खानेकुरा, निद्रा, आराम, हलुका व्यायाम, सामान्य हिँड्डुल आवश्यक पर्दछ । समुदाय तथा परिवारले पनि सामिप्यता राखी आदरपूर्वक व्यवहार गर्नुपर्दछ । छोराछोरीको कर्तव्य ज्येष्ठ आमाबुबाको सुरक्षा-हेरचाह गर्नु हो ।"

कार्यक्रममा संस्थाका उपाध्यक्ष सानुमाया लागेजूले स्वागत, कोषाध्यक्ष श्रीप्रसाद त्यातजूले धन्यवाद तथा सचिव लक्ष्मीनारायण लिगलले उद्घोषण गर्नुभएको थियो ।

प्रमुख अतिथि सुवालले ७५ वर्षमाथिका ४१ जनाभन्दा बढी ज्येष्ठ सदस्यहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभयो भने संस्थापकहरू २९ जनालाई सम्मानपत्र प्रदान गर्नुभएको थियो । संस्थाका अध्यक्ष पूर्णबहादुर फोजूले सम्मानित ज्येष्ठ सदस्यहरूलाई फूलको माला लगाई र विशेष अतिथि न्छेछेभक्त फोजूले सम्मान पत्र वितरण गरी सम्मान गर्नुभएको थियो ।

मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं



- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

॥ हार्दिक समवेदना ॥



जन्म
१९९०/१०/१७

स्वर्गारोहण
२०८२/०८/१०

यस कमलविनायक मन्दिर परिसर सुधार समितिका कार्यसमिति सदस्य सुरज प्रजापतिकी ममतामयी माता **रामकुमारी प्रजापति**को दु:खद निधन भएको आज वार्षिक पुण्यतिथि (दाकिला)मा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

कमलविनायक मन्दिर परिसर सुधार समिति
कमलविनायक-१०, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा